का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ फागुन २०७८,
बुधबार
9 March 2022,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## नागरिकता विधेयक

# ‘भोट’को लाजमर्दो राजनीति

### ऐन नबन्दा ७ लाख ८० हजार उमेर पुगेका नागरिक पीडित

नागरिकता सम्बन्धी ऐन दलीय स्वार्थमा अगाडि नबढ्दा ७ लाख ८० हजार योग्य नागरिक नागरिकताबाट बञ्चित छन् । दलहरुले भोटमा आधारित अडान लिदा सिर्जित समस्या राष्ट्रिय लज्जाको विषय बनेको अधिकारकर्मीहरुको निष्कर्ष छ ।




नागरिकता पाउन योग्य नागरिकलाई राज्यले कानुन नबनाई मतदानबाट बञ्चित गराउनु कानुनी राज्यका लागि लज्जाको विषय हो ।

**सविन श्रेष्ठ**
अधिवक्ता

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ फागुन ।

राजनीतिक स्वार्थमा पर्दा नागरिकता विधेयक अलपत्र परेको छ। संविधान जारी भएको ६ बर्ष बितिसक्दा पनि संविधान बमोजिम बन्नुपर्ने नागरिकता ऐन बन्न सकेको छैन् । यसको असर नागरिकता लिन योग्य नागरिकलाई त परेकै छ, आगामी स्थानीय तहको चुनावमा समेत पर्दैछ । किनकि नागरिकता नपाएपछि मतदानको अधिकार पाउने कुरा रहेन ।

नागरिकता बिहीनको पक्षमा वकालत गर्दै आएका अधिवक्ता सविन श्रेष्ठ, नागरिकता पाउन योग्य भएकालाई राज्यले कानुन नबनाई मतदानबाट बञ्चित गराउनु कानुनी राज्यका लागि लज्जाको विषय भएको बताँछन् । ‘संविधानले जन्मका आधारमा नागरिकता लिएकाहरुको सन्तानले नागरिकता पाउने, आमाको नामबाट पनि नागरिकता पाउने ग्यारेण्टी गरेको छ’, श्रेष्ठ भन्छन्, ‘तर संविधान अनुसार, कानुन नबन्दा संविधानका यी प्रावधानहरु कार्यान्वयन हुन सकिरहेको छैन । यसले ठूलो संख्यामा नागरिकता पाउनबाट बञ्चित छन् ।’ महिला कानुन विकास मञ्चको अध्ययन अनुसार, नेपालमा ७ लाख ८० हजार नागरिकता लिन योग्य नागरिकले नागरिकता पाउन सकेका छैनन् ।

### भोट राजनीति

नागरिकता ऐन बनाउने प्रयास नै नभएको होइन, यसलाई राजनीतिक दलहरुले भोटसँग जोड्दा समस्या भएको हो। २०७५ साल साउन २३ गते संसदमा ‘नेपाल नागरिकता ऐन-२०६३ लाई संशोधन गर्न बनेको विधेयक’ आएको थियो। यो विधेयकमाथि प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले दफा दफामा छलफल चलायो। ७ असार २०७७ मा राज्य व्यवस्था समितिले बहुमतले पारित गऱ्यो ।

दुई बर्ष बढी संसदीय समितिमा अल्झिएको नागरिकता विधेयक विषयगत समितिबाट पारित भएर प्रतिनिधिसभामा पेश भएपछि पनि अल्झियो। कारण हो- भोट राजनीति। संसदको राज्य व्यवस्था समितिले पारित – बाँकी पृष्ठ २ मा

# श्रमिकले नसुनेको भाषण

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २४ फागुन ।



११२औं अर्न्तराष्ट्रिय श्रमिक महिला दिवसको अवशर पारेर मंगलबार देशभर विविध कार्यक्रम मनाइए । महिलाको पक्षमा चर्को भाषण भए । महिलाबारे बोल्न प्रधानमन्त्री शेरबहादुर देउवा राष्ट्रियसभा गृह पुगे । तर प्रधानमन्त्रीसहित मन्त्रीहरु मञ्चमा बोलिरहँदा सभागृह पछाडि बन्दै गरेको भवनमा काम गरिरहेका महिला मजदुर बेखबर थिए ।

‘मलाई दिवसबारे जानकारी नै छैन । हामी त काम गरेर खाने हो खान पाए भयो’, मलिन मुहारमा श्रमिक मिजारले भनिन् । उनलाई राष्ट्रिय गृहमा प्रधानमन्त्रीले के बोलिरहेका छन् भन्ने कुनै चासो समेत थिएन । उनी मंगलबारको दिवसले नछोएको प्रतिनिधि पात्र मात्रै हुन् ।

पाँच तारे होटलमा महिला दिवसबारे धुमधाम कार्यक्रम चलिरहँदा त्यही होटलका महिला मजदुरलाई कुनै उत्साह हुन्न । अधिकारबारे बोल्नु त, टाढा भयो । आफूमाथि आइलाग्ने हिंसाबारे समेत बोल्ने हिम्मत गर्दैनन् ।

तर, राष्ट्रपति विद्यादेवी भण्डारी भने महिलाको अधिकार संविधानमै सुरक्षित भएको बताउँछिन् । ‘महिला सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्न हामीले संविधान मार्फत् आधारभूत व्यवस्थाहरू गरी विभिन्न कानून समेत अभ्यासमा ल्याएका छौं’ राष्ट्रपति भण्डारी बताउँछिन् । राष्ट्रपति भण्डारी मात्रै होइन, प्रधानमन्त्री देउवा पनि संविधानले महिलामाथि हुने सबै भेदभावको अन्त्य गर्ने व्यवस्था गरेको बताउँछन् ।


राष्ट्रपति, प्रधानमन्त्री सहित उच्च पदस्थ व्यक्ति र सरोकारवाला निकायले धुमधाम अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइरहँदा महिला मजदुरहरू आफ्नै दुखमा थिए ।

‘नेपालको संविधानले महिलाउपर हुने सबै प्रकारका भेदभावहरूको अन्त्य गर्दै समानुपातिक, समावेशी एवं समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ,’ प्रधानमन्त्री देउवाको भनाइ थियो । उनले जारी भएका कानूनको प्रभावकारी कार्यान्वयन गरी महिलाको लैङ्गिक, सामाजिक, आर्थिक र राजनीतिक अधिकार सुनिश्चित गर्न हामी सबै प्रतिबद्ध हुन आवश्यक रहेकामा जोड दिएका छन् ।

यद्यपि, बनेका कानूनहरुको पूर्ण कार्यान्वयन नहुँदा धेरै महिलाहरु हिंसा सहेर बस्न बाध्य छन् । महिलाको साघुरो परिभाषालाई बदल्नका लागि महिला मात्रै नभएर पुरुष पनि उत्तिकै जिम्मेवार हुनुपर्ने नेकपा एमालेकी नेतृ विद्या भट्टराई बताउँछिन् । ‘सबै खालका श्रमको उचित सम्मानका लागि महिला र पुरुषको – बाँकी पृष्ठ २ मा

# हरियो रङबाट झस्किए ओली

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ फागुन ।



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई हरियो मतपत्र मन पर्दैन । ओलीले मंगलबार सार्वजनिक कार्यक्रम मार्फत हरियो रङको मतपत्र मन नपर्नुको कारण खुलाए । मन नपर्नुको कारण हो- नेपाली कांग्रेसको चुनाव चिह्न ।

निर्वाचन आयोगले स्थानीय तह निर्वाचनको लागि तयार गर्ने मतपत्रमा चुनाव चिह्न, विवरण तथा सुरक्षण चिह्नहरु हरियो मसीले छपाइ गर्ने निर्णय गरेको छ । आयोगको यस्तो निर्णयपछि ओली तर्सिएका हुन् । अध्यक्ष ओलीले सार्वजनिक रुपमै आयोगलाई प्रश्न गरे, ‘धार्मिक हिसाबले राख्ने हो ? कि के हिसाबले हरियो चिह्न राख्ने ? अथवा कसैको हरियो देखिने चिह्न छ त्यसकारणले राख्ने हो ?’

मंगलबार राजधानीमा भएको एक कार्यक्रम सम्बोधन गर्दै एमाले अध्यक्ष ओलीले निर्वाचन आयोगलाई मतपत्रमा हरियो रङ राख्ने निर्णय सच्याउन आग्रह गरेका छन् । ‘हरियो राख्ने निर्णय गरेको होइन भने सञ्चार माध्यमले त्रुटि सच्याउनुपर्छ, यदि निर्वाचन आयोगले नै त्यो गरेको हो भने निर्वाचन आयोगले त्रुटि सच्याउनुपर्छ, हरियो सरियो हुँदैन’ ओलीले भनेका छन् ।

हरियो राख्ने निर्णय गरेको होइन भने सञ्चार माध्यमले त्रुटि सच्याउनुपर्छ ।

# मलेसियाले १ अप्रिलदेखि सबै अन्तर्राष्ट्रिय सीमा खुलाउने

**काठमाडौं/रासस–** मलेसियाले आगामी अप्रिल पहिलो तारेखदेखि आफ्नो अन्तर्राष्ट्रिय सिमाना पूर्णरूपमा खुलाउने भएको छ । अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा आयोजित एक कार्यक्रममा मंगलबार मलेसियाका प्रधानमन्त्री इस्माईल साब्री याकुबले उक्त घोषणा गरेका हुन् ।



सबै प्रकारका अन्तर्राष्ट्रिय सिमाना खुला भएपछि मुलुकको अर्थतन्त्रमा सकारात्मक प्रभाव परि त्यसले रोजगारीमा व्यापक सुधार ल्याउने उनले बताए । मलेसियाले आप्रवासी कामदार भित्र्याउने नीति यसअघि नै कार्यान्वयन गरेको छ । कोरोना भाइरस (कोभिड-१९)को विश्वव्यापी महामारी पछि मलेसियाले सन् २०२०को मार्चपछि आफ्नो सबै अन्तर्राष्ट्रिय सिमा बन्दगरी अन्तर्राष्ट्रिय आवागमनमा रोक लगाएको थियो ।

प्रधानमन्त्री याकुबले अप्रिल पहिलो तारेख पछि अवस्था कोभिड पहिलेको जस्तै सामान्य बन्ने बताए । उनले मुलुकको पर्यटन क्षेत्र पहिले जसरी नै चल्ने अपेक्षा गरेको भन्दै सोही अनुसार तयारीमा लाग्न समेत व्यवसायीहरूलाई आग्रह गरे ।मलेसियाले कम्बोडिया र थाइल्याण्डसँगको ‘एयर भिटिएल’ कार्यक्रम गत मार्च १५देखि नै शुरू गरेको छ ।

प्रधानमन्त्री याकुबले विदेशी यात्रुलाई – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# हत्याका आरोपी कतार र बहराइनबाट पक्राउ

**काठमाडौं/मस–** व्यक्ति हत्याका दुई आरोपीलाई प्रहरीको इन्टरपोल शाखामार्फत कतार र बहराइनबाट पक्राउ गरी नेपाल ल्याइएको छ । कास्कीको लेखनाथमा मजदुरी गरी बस्ने सुनसरी धरानका २० वर्षीय रोजन राईको हत्यामा संलग्न रहेका अभियुक्त सोही जिल्लाका ४६ वर्षीय अशोक गुरुङ १५ वर्षपछि पक्राउ परेका हुन् ।

विसं २०६३ वैशाख २९ गते बेलुकी कुटपिटबाट सख्त घाइते भएका रोजन राईको उपचारका क्रममा सोहि बर्ष जेठ २ गते मृत्यु भएको थियो । उक्त घटनामा संलग्न रहेका आरोपी गुरुङ घटनापश्चात् वैदेशिक रोजगारीको सिलसिलामा बहराइन गएका थिए ।

उनीविरुद्ध अन्तर्राष्ट्रियस्तरमा खोजतलास एवं पक्राउका लागि जिल्ला प्रहरी कार्यालय कास्कीको अनुरोध आएपछि प्रहरीको इन्टरपोल महासचिवालयबाट २०७८ मङ्सिर २७ मा ‘रेड नोटिस’ जारी गरिएको थियो ।

उनलाई प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाबाट खटिएको प्रहरीले पक्राउ गरी मंगलबार नेपाल ल्याएको र थप अनुसन्धान तथा आवश्यक कानूनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय कास्कीमा पठाइने जनाइएको छ ।

त्यस्तै इन्टरपोलबाट रेड कर्नर नोटिस जारी भएका फरार प्रतिवादी सिरहा विष्णुपुर गाउँपालिका-५ लक्ष्मीपुर ठेगाना भएका ४१ वर्षीय विक्की मुस्कान भन्ने भोगेन्द्रप्रसाद यादवलाई घटनाको छ वर्षपछि कतारबाट – बाँकी पृष्ठ २ मा

**नेपाल मेडीकल व्यवसायी संघ**
**Nepal Medical Occupational's Organization**
Basundhara-3, Kathmandu, Nepal
Ph. No.: 01-5905291, Email : nemoo2071@gmail.com

**प्रेस बिज्ञप्ती**

मलेशिया देशको लागी वैदेशीक रोजगारीमा जाने नेपाली कामदारहरुको स्वास्थ्य परिक्षण गर्दा विभिन्न अनाधिकृत संयत्रहरु खडा गरी रु.४,५००/- रुपैंयामा भइरहेको स्वास्थ्य परिक्षण लाई रु.१८,२००/- रुपैंया सम्म लिई Syndicate भइरहेको परिप्रेक्षमा नेपाल मेडिकल व्यवसायी संघले नेपाल सरकार र मलेशियन सरकार संग विभिन्न समयमा गरेको आग्रह र संघर्षको कारण नेपाल सरकारले २०७५ सालमा सम्पूर्ण संयत्र खारेज गरी सकेको र हाल आएर मलेशियन सरकारले पनि यि Syndicate गर्न मद्दत पुऱ्याउने सम्पूर्ण संयत्रहरु खारेज गरि सकेको छ । तर पनि नेपाल सरकार बाट सुचीकृत २१७ संस्थाहरु मध्ये ३९ वटाले मात्र स्वास्थ्य परिक्षण गरि रु.७,६६४/- रुपैंया लिई बील भर्पाई पनि नदीई कार्य भई रहेका हुदा Syndicate को अन्त भएको हालको अवस्थामा नेपाल सरकार बाट सुचीकृत भएका सम्पूर्ण स्वास्थ्य संस्थाहरु लाई मलेशियाको स्वास्थ्य परिक्षण गर्नुहुन र सरोकारवाला मेनपावर संस्थाहरुले मलेशिया जाने कामदारहरुको स्वास्थ्य परिक्षण गर्न/गराउनु हुन हर्दिक अनुरोध गर्दछौं । साथै नेपाल सरकार श्रम रोजगार तथा सामाजीक सुरक्षा मन्त्रालय लाई सोही अनुरुप वातावरण निर्माण गरी दिनु हुन पनि आग्रह गर्दछौ ।

महासचिव
नवराज पौडेल

**यूएई को प्रतिष्ठित सुपर मार्केटमा रोजगारको अवसर**

कम्पनी : Al MAYA SUPERMARKET LLC | शहर : UAE
पूर्व स्वीकृत मितिः २०७८/०८/२३ | चलानी नं.: ६०१७००१० | LT. No.: 253391 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Helpers | 45 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २६,७५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Advisors | 0 | 38 | | 2000 | ६६,८८० | | | | | | | |
| 3. | Stock Pickers | 3 | 0 | | 1300 | ४३,४७२ | | | | | | | |
| 4. | Cashiers | 25 | 25 | | 1200 | ४०,१२८ | | | | | | | |
| 5. | Data Entry Operator | 10 | 0 | | 1300 | ४३,४७२ | | | | | | | |

यसै कम्पनीका लागि UAE License वाहक Heavy Driver, UAE License वाहक Light Driver, Forclip Operator, floor Supervisor GCC Experience, Butcher, Retail Advisor Male, Retail Advisor Female, Machine Operator को पनि माग भएकोले नि:शुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

प्रि-अन्तर्वार्ता धमाधम भईरहेको छ, फाईनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत २ गते (16 March 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SURKHET OVERSEAS PVT. LTD.**
Gov. Lic No. 1219/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4473705, 4494457
Email: infosurkhetoverseas@gmail.com, info@surkhetoverseas.com
Mobile: 9801026395, 9851235143, 9851212203, 9851322884, 9808798478, 9841136727, 98184441474, 9860528710, 9844064089

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२५ फागुन २०७८, बुधबार
9 March 2022, Wednesday

# कार्यसम्पादन मूल्यांकनमा सानीभेरी गाउँपालिका पहिलो

**अर्जुन बिष्ट / मध्यान्ह**
रुकुम, २४ फागुन

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको मूल्यांकनमा सानीभेरी गाउँपालिका पहिलो भएको छ । आयोगले गरेको कार्यसम्पादन मूल्यांकनमा रुकुम पश्चिमका ६ वटा स्थानीय तहमध्ये सबैभन्दा बढी ६९ दशमलव ३१ अंक ल्याएर सानीभेरी गाउँपालिका पहिलो भएको हो ।

कार्यसम्पादन मूल्यांकन कार्यविधि २०७८ ले निर्धारण गरेका १७ वटा सूचकको आधारमा गरिएको मूल्यांकनका सूचकअनुसार कार्य गर्दा हामिले परिणाममुखी नतिजा पाएका छौं', सानीभेरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भुपाल सिं बिष्टले भने, 'कर्मचारीको लगनशीलता र मेहनतले हामीले सन्तोषजनक नतिजा ल्याउन सफल भएका छौं ।

संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ख) बमोजिम संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानिकरण अनुदान, आर्थिक



वर्ष २०७९/०८० मा प्राप्त गर्न प्रदेश तथा स्थानीय तह कार्यसम्पादन मूल्यांकन कार्यविधि २०७८ ले निर्धारण गरेका १७ वटा सूचकको आधारमा गरिएको मूल्यांकनमा सानीभेरी गाउँपालिका र रुकुम पश्चिम जिल्लाकै पहिलो बनेको हो ।

त्यस्तै ६८ दशमलव १७ अंक ल्याएर चौरजहारी नगरपालिका दोस्रो भएको छ । भने बाँफीकोट गाउँपालिका ६३ दशमलव ५०, मुसिकोट नगरपालिका ५६ दशमलव ४४, त्रिवेणी गाउँपालिका ५४ दशमलव ५० र आठबिसकोट नगरपालिकाले सबैभन्दा कम ५२ दशमलव ९२ अंक प्राप्त गरेर अन्तिम स्थानमा रहेको छ ।

आयोगले कार्यसम्पादन सूचक मूल्यांकनबाट प्राप्त अंक र तथ्यांक सार्वजनिक गरेको छ । सम्बन्धित स्थानीय तह र निकायबाट प्राप्त तथ्यांकसमेतका आधारमा आयोगले कार्यसम्पादन मूल्यांकन गर्दै आएको छ। स्थानीय तहको कार्यसम्पादन मूल्यांकनका लागि विभिन्न १७ वटा सूचक तय गरिएको थियो ।

आयोगले पालिकाले समयमै बजेट पेस गरे-नगरेको, असार मसान्तभित्र बजेट पास गरे-नगरेको, स्थानीय तहले करवापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम सञ्चित कोषमा जम्मा गरे-नगरेको, आउँदो आर्थिक वर्षका लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्यांकसहितको विवरण पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पेश गरे-नगरेको, बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी हरेक वर्षको कात्तिक मसान्तभित्र सार्वजनिक गरे,नगरेकोलगायतका विषयमा मूल्यांकन गर्छ । त्यस्तै आन्तरिक राजस्वको लक्ष्य र संकलन, अघिल्लो वर्षको बजेट र खर्चको अवस्था, बेरुजु, सूत्रको प्रयोग, आवधिक योजना तय गरे-नगरेको, विद्यालयमा विद्यार्थी भर्नाको अवस्था, गर्भवती महिलाको संख्या, संस्थागत प्रसूति सेवा लिने महिलाको संख्यालगायत शीर्षकका सूचकको आधारमा आयोगले स्थानीय तहलाई अंकभार दिएको हो ।

# समाज विकासमा मदरसाको योगदान सराहनीयः अध्यक्ष अन्सारी

**अजय मिश्र / मध्यान्ह**
कपिलवस्तु, २४ फागुन

मुस्लिम आयोगका अध्यक्ष समिम मियां अन्सारीले समाज विकासमा मदरसाको योगदान सराहनीय रहेको बताएका छन् । कपिलवस्तुको कृष्णानगरमा रहेको मदरसा अहले सुन्नत फैजे मुस्तफा अतिकीया लक्ष्मीनगरको आयोजनामा समाज विकासमा मदरसाहरुको भूमिका एवं सम्मान कार्यक्रमका प्रमुख अतिथि मुस्लिम आयोगका अध्यक्ष अन्सारीले उक्त कुरा बताएका हुन् ।

उनले मुस्लिम समुदायको हक अधिकार, उत्थान, विकास तथा मदरसा, चिहानहरुको संरक्षण, मुस्लिम बाल बालिकाहरुका लागि लोक सेवा तयारी कक्षा संचालन तथा मुस्लिम महिलाहरुको लागि सिलाई कटाई जस्ता कार्यक्रम एनजीओहरुको माध्यमबाट संचालन गरी शिक्षित र सचेत गर्ने कार्यहरु गरेकोले आगामी दिनमा पनि यस्ता कार्यक्रमहरु थप गर्नुपर्ने बताए ।

उनले मुस्लिम समुदायबाट आएका सुझाव सल्लाहलाई




समेटेर नीति निर्माण गरिरहेको, मुस्लिमहरुको शिक्षामा मदरसाहरुको ठुलो योगदान रहेकोले शिक्षा मन्त्रीलाई भेटेर मदरसालाई मुलप्रवाहीकरणमा ल्याउन पटक पटक दबाब दिँदै आएको बताए ।

मुस्लिम आयोगले वार्षिक प्रतिवेदनमार्फत समुदायका विभिन्न समस्याबारे समाधानको लागि सिफारिस गरी राष्ट्रपतिसमक्ष पेश गरेता पनि जुन तरिकाले सदनमा मुद्दाहरुप्रति सांसदहरुले बहस गर्नु पर्ने हो त्यो नभएको उनको गुनासो थियो । कार्यक्रमका विशिष्ट अतिथि मुस्लिम आयोगका सदस्य मिर्जा अरशद बेगले समाजमा पछाडि परेका समुदाय शिक्षाबाट वञ्चित रहेका समुदायलाई शिक्षित बनाएर मुलधारमा ल्याउन सम्बन्धित निकायमा रहेका पदाधिकारीको ध्यान नगएसम्म समस्याको समाधान नहुने बताए ।

कार्यक्रममा मुस्लिम आयोगका सदस्य मिर्जा अरशद बेग, महमदिन अली, लुम्बिनी प्रदेश मदरसा बोर्डका उपाध्यक्ष मौलाना मशहुद खां, विजयनगर गाउँपालिका अध्यक्ष गोपाल थापा, राष्ट्रिय मदरसा संघ नेपालका अध्यक्ष डा.अब्दुल गनी अलकुफी, वडाध्यक्ष सगीर अहमद, वडाध्यक्ष जमील अहमद, डा.जहीरुल खां, जहिर अहमद बरेलवीलगायत उपस्थित थिए ।

# इन्टरपोलबाट 'रेड नोटिस' जारी भएका प्रतिवादी ६ वर्षपछि पक्राउ

**काठमाडौं / मस**– इन्टरपोलबाट 'रेड नोटिस' जारी भएका फरार प्रतिवादी पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सिरहा बिष्णुपुर गाउँपालिका-५ लक्ष्मीपुर ठेगाना भएका ४१ वर्षीय विक्की मुस्कान भन्ने भोगेन्द्र प्रसाद यादव रहेका छन् । उनलाई घटनाको ६ वर्षपछि कतारबाट पक्राउ गरी सोमबार नेपाल ल्याइएको छ ।

आफ्नै २५ वर्षीया श्रीमती आरती परियारको धारिलो हतियारले घाँटी रेटी हत्या गरेको घटनामा संलग्न रही फरार रहेका भोगेन्द्रलाई कतारमा पक्राउ परेपश्चात प्रहरी प्रधान कार्यालय ईन्टरपोल शाखाले ईन्टरपोल दोहा कतारसँग समन्वय गरी नेपाल ल्याई त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलबाट नियन्त्रणमा लिएको हो ।

ललितपुर लेलेमा २०७२ वैशाख १५ गते बिहान आरतीको हत्या गरिएको अवस्थामा शव फेला परेको थियो । घटनापश्चात वैदेशिक रोजगारीको सिलसिलामा कतार गएका भोगेन्द्रविरुद्ध अन्तर ाष्ट्रियस्तरमा खोजतलास एवम् पक्राउको लागि महानगरीय अपराध महाशाखाको अनुरोधमा २०७६ पुस १२ गते ईन्टरपोल महासचिवालयबाट 'डिफ्यूजन' तथा पुनः २०७७ साउन १९ गते 'रेड नोटिस' जारी गरिएको थियो ।

यादवलाई थप अनुसन्धान तथा आवश्यक कानुनी कारबाहीका लागि महानगरीय अपराध महाशाखामा बुझाइएकोमा इन्टरपोल शाखाले जनाएको छ ।

# अन्तर्राष्ट्रिय नारी दिवसः फेसबुक र ट्वीटरमा सीमित

**गणेश रावत / मध्यान्ह**
कोहलपुर, २४ फागुन

अन्तर्राष्ट्रिय नारी दिवस प्रत्येक वर्षको मार्च ८ का दिन विभिन्न कार्यक्रम गरि देशभर मनाइन्छ। अधिकांश मानिस अहिले नारी देवि हुँन नारीलाई सम्मान इज्जत गर्नुपर्छ भन्दै फेसबुक, ट्वीटरमा लेख्छन् ।

तर अहिलेको परिवेश हेर्ने हो भने यो त केवल नारी दिवसको दिनमा गरिने देखावटी मात्र हो । अहिले पनि नारीहरूमाथि निरन्तर शोषण भइरहकै पाइन्छ । अहिले संविधानले महिला र पुरूषलाई बराबर मानेको छ । तर यो कागजमा मात्र सीमित भएको राधिका थारूले बताइन् । उनी भन्छिन्, 'अहिले पनि पुरूषको दमन र हिंसा खेप्नुपरेको छ नारीले । महिला राष्ट्रपति भइन् तर गाउँ घरका नारी, महिला घरको हिंसा मुक्त हुन सकेनन् । नारी देवि हुन् सम्मान इज्जत गर्नुपर्छ भन्दै स्टाटस लेख्छन् । तर रक्सी खाँदै श्रीमती कुट्यो भन्दै समाचार



नसुनेको दिन हुँदैन । कहाँ छन् नारी सुरक्षित ? नेपालको कानुन दैवले जानुन् ।'

जबसम्म हिंसा अन्य हुँदैनन् तबसम्म यो नारी दिवस मनाउनुको अर्थ नहुने उनी बताउँछिन् । एक दिनको दिवसले नारी सुरक्षित नहुने अर्की स्थानीय सुशीला थारूले बताइन् । गाउँदेखि सहरसम्म घरदेखि व्यक्तिसम्म जनचेतना फैलाउन जरुरी रहेको उनी बताउँछिन् ।

# स्वास्थ्य कार्यालयका निरीक्षक अधिकृत यादवमाथि कारबाहीको माग

**सत्येन्द्र प्रताप सिंह / मध्यान्ह**
रौतहट, २४ फागुन

स्वास्थ्य कार्यालय गौरका कोल्ड निरीक्षक अधिकृत पासपत राय यादवलाई कारबाहीको माग गरिएको छ ।

नेपाल पत्रकार महासंघ रौतहट शाखाले निरीषक यादवलाई कारबाहीको माग गरेको हो ।

महासंघका जिल्ला सचिव मदन ठाकुरåारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, 'नेपाल पत्रकार महासंघ मधेश प्रदेशका कार्य समिति सदस्य शैलेन्द्र झालाई स्वास्थ्य कार्यालय अधिकृत यादवले ज्यान मार्ने धम्की दिएकोले कारवाई गर्न सम्बन्धित निकायसँग माग गरिन्छ ।' स्वास्थ्य कार्यालयका अधिकृत यादवले ९७ लाख रुपैयाँ विगत वर्षदेखि पेश्की राखेको सन्दर्भमा प्रतिक्रिया लिन जाँदा यादवले समाचार लेखेमा




ज्यान मार्ने धम्की दिएको विज्ञप्तिमा उल्लेख छ ।

यसैगरी प्रेस चौतारी नेपालले पनि एक प्रेस विज्ञप्ति जारी गर्दै कोल्ड निरीक्षक अधिकृत यादवमाथि कारबाहीको माग गरेको छ ।

प्रेस चौतारी नेपालका जिल्ला सचिव मुकेश कुमार शाहåfरा हस्ताक्षरित विज्ञप्तिमा कुनै पनि बहानामा पत्रकारलाई ज्यान मार्ने धम्की दिनु प्रेस स्वतन्त्रता विरोधि काम भएको उल्लेख गरिएको छ ।

प्रेस चौतारी नेपालले प्रेस स्वतन्त्रता विरोधी धम्की दिनेलाई कानूनी दायरामा ल्याउन र पत्रकारको सुरक्षामा गम्भीर बन्न सम्बन्धित निकायसँग जोडदार माग गरेको छ । प्रेस चौतारी नेपालका केन्द्रीय पार्षद शैलेन्द्र झालाई ज्यान मार्ने धम्की यादवले दिएको प्रति गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ ।

## नागरिकता....

गरेको नागरिकता विधेयकमा नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलाले ७ वर्षपछि मात्रै वैबाहिक अंगीकृत नागरिकता पाउने व्यवस्था छ । यही प्रावधानमा नेपाली कांग्रेसले फरक मत राखेको थियो । राज्य व्यवस्था समितिबाट नागरिकता विधेयक पारित गर्दा प्रमुख विपक्षमा रहेको कांग्रेस अहिले सरकारमा छ । र, कांग्रेस नेतृत्व सरकार अहिले नागरिकता विधेयक अगाडि बढाउने तयारी गर्दैछ ।

कांग्रेसले विषयगत समितिबाट नागरिकता विधेयक पारित हुँदै गर्दा फरक मत राख्नु र अहिले अगाडि बढाउन खोज्नको कारण पनि भोट राजनीति हो । ७ बर्षपछि बैबाहिक अंगीकृत नागरिकता पाउने प्रावधानमा मधेश केन्द्रीत दलहरुले विरोध जनाएकाले मधेशको भोट भड्काउन हुन्न भन्दै कांग्रेसले नागरिकता विधेयकको प्रतिवेदनमा फरक मत राखेको थियो ।

अहिले सरकारमा हुँदा नागरिकता विधेयक अगाडि बढाउन खोज्नुको कारण नागरिकता दिलाएको जस लिएर भोट बढाउने प्रयास कांग्रेसको हो । उसोत नागरिकता विधेयकमा भोटको राजनीति गर्ने कांग्रेस मात्र छैन् ।

तत्कालिन केपी शर्मा ओली नेतृत्वको सरकारले आफ्नो नेतृत्वको सरकार ढल्ने देखेपछि नागरिकता ऐन बनाएको जस लिन संसदमा बिचारधीन विधेयकलाई लत्याएर नागरिकता सम्बन्धी अध्यादेश जारी गरेको थियो । तर, सर्वोच्च अदालले कार्यान्वयनमा रोक लगाइदियो ।

अहिले ओली नेतृत्वको नेकपा एमाले प्रमुख विपक्षमा छ । नागरिकता ऐन बनाउन उसले खबरदारी गरिरहेको छैन बरु कानुन बनाउने थलो संसदमा ६ महिनादेखि अवरोध गरिरहेको छ । यसका पछाडि पनि भोटको राजनीति लुकेको छ । कांग्रेसले नागरिकता दिलाएको भन्ने नहोस भन्नेमा एमाले रहेको नेताहरु स्वीकार्छन् ।

नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी (लोसपा) लगायत दलहरु लगातार सरकारमा छन् । तर उनीहरु नागरिकता ऐन बनाउनुपर्ने त भन्छन तर, ठोस् पहलमा उत्रिएको देखिन्न ।

## श्रमिकले...

साझा जिम्मेवारी आवश्यक छ' नेतृ भट्टराईले भनिन् ।

महिला मुक्ति आन्दोलनका अभियन्ताहरूको पहलमा सन् १९१० को मार्च ८ मा महिला कामदारमाथि भएको श्रम शोषणविरुद्ध आवाज उठाएको दिनको स्मरण गर्न तथा महिला हक अधिकार स्थापित गर्न संघर्ष सुरु गरेको दिनका रूपमा विश्वभर अन्तर्राष्ट्रिय महिला दिवस मनाउने गरिन्छ । तर, श्रमजीवि महिलाहरु उक्त दिवसका विषयमा बेखर हुँदा उक्त दिवस कसका लागि मनाउने भन्ने प्रश्न पनि उब्जिएको छ ।

## मलेसियाले ...

अध्यागमन विभागको 'माई ट्राभल पास' अनिवार्य नगरिएको भन्दै मलेसिया प्रवेश गर्ने विदेशी यात्रुले 'माई सेजाहतेरा' एप्लिकेसन डाउनलोड गरेर आफ्नो विवरण अफलोड गरेमात्र पुग्ने पनि जानकारी दिए ।

## हत्याका...

पक्राउ गरी नेपाल ल्याइएको छ । श्रीमती आरती परियारलाई धारिलो हतियारले घाँटी रेटी हत्या गरेको घटनामा संलग्न रही फरार रहेका भोगेन्द्रलाई कतारमा पक्राउ गरी नेपाल ल्याइएको हो ।

# 'इन्जिनियरलाई हेर्ने दृष्टिकोण परिवर्तन गरिन्छ'

काठमाडौं / मस-नेपाल इन्जिनियर्स एशोसिएशनको ३३ औं केन्द्रीय कार्यकारिणी समितिको निर्वाचनका लागि बृहत् राष्ट्रिय प्रगतिशील गठबन्धनले इन्जिनियरलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन गर्ने बताएको छ । गठबन्धनले मंगलबार आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा गठबन्धनतर्फका अध्यक्षका उम्मेदवार डा.सुरज लामिछानेले इन्जिनियर समाजमा नै रहेकाले इन्जिनियरलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गर्ने बताए ।

उनले इन्जिनियर र समाजको समन्वय मिलाइने बताए । उनले अहिले इन्जिनियर पढे पनि न्यूनतम तलबमा काम गर्नुपरेको भन्दै इन्जिनियरलाई कम्तीमा अधिकृत तहको तलब उपलब्ध गराउनुपर्ने बताए । उनले भने, ' अहिले इन्जिनियरलाई इन्टर्नशीपका नाममा न्यूनतम तलबमा काम लगाउने पाइएको छ', उनले भने, 'अब इन्जिनियरको तलब न्यूनतम अधिकृत वा सोसरहको हुनुपर्दछ ।'

उनले बर्सेनि छ हजारभन्दा बढी इन्जिनियर उत्पादन हुने गरेको भए पनि सोअनुसार जनशक्तिको खपत नभएको समेत बताए । उनका अनुसार अहिले एक हजार मात्र इन्जिनियरले मात्रले बर्सेनि रोजगारी सिर्जना हुने छ । उनले हरेक एक जना सिनियर इन्जिनियरले दुई जना इन्जिनियरलाई सहयोगको रुपमा राख्दा एक हजारलाई रोजगार दिन सकिने तर्क गरे ।

अहिले देशभरिमा ५२ विभिन्न विधामा ६७ इन्जिनियर रहेका छन् । तीमध्ये २२ हजार नेपाल इन्जिनियर्स एशोसिएशनमा रहेका दर्ता भएका छन् । अध्यक्षका प्रत्यासी डा.लामिछानेको समूह विभिन्न ३३ बुँदे एजेण्डासहित निर्वाचनमा होमिएका छन् । उनले आफ्नो समूहमा दक्ष, योग्य, इमान्दार उम्मेदवार रहेको जित्ने बताए । उनले इन्जिनियर पढेर आएकालाई नयाँ प्रविधिसँग जोडनका लागि इन्जिनियर स्टाफ कलेज स्थापना गर्ने बताए । उनले इन्जिनियरिङ शिक्षाको गुणस्तरको स्तरोन्नतिका लागि नेपाल इन्जिनियरङ परिषद् एवं विश्वविद्यालयसँग अधिकतम सहकार्य गरिने बताए ।

गठबन्धनबाट महासचिवका उम्मेदवार डा.भेषराज थापाले इन्जिनियरको हकहित र आवाजलाई राज्यसँग जोड्ने बताए । उनले आफूहरुले इन्जिनियरलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउने बताए । प्रगतिशील इन्जिनियर समूहका अध्यक्ष शम्भुबहादुर श्रेष्ठले गठबन्धनबाट उठेका उम्मेदवार नेतृत्व लिन सक्षम, प्रतिबद्ध र इमान्दार रहेको बताए ।

आफूहरूले उठाएका एजेण्डाले समग्र इन्जिनियरको रहेकोले जित सुनिश्चित रहेको उनले बताए । ३३ औं कार्यकारिणी समितिको यही फागुन २७ गते हुने निर्वाचन एकै साथ हुँदैछ। निर्वाचनमा पाँच समूहले चुनावी मैदानमा रहेका छन्। केन्द्रमा १८ जना र प्रदेशमा १६ जना (कूल ११२) गरी कूल १३० पदाधिकारी तथा सदस्यका लागि निर्वाचन हुँदैछ । उपाध्यक्षमा देउकाजी गुरुङ, उपमहासचिवम शिवराम केसी, कोषाध्यक्षमा डा.आनन्दसिंह, सहकोषाध्यक्षमा अर्जुन पौडेल रहेका छन् ।

यस्तै इन्जिनियरिङ परिषद्का सदस्यमा डा भीमकुमार दाहाल, बाबुराम भण्डारी, वसन्त लिङथेप, डा.अजयकुमार झा र बन्दना सुवेदीले उम्मेदवारी दिएका थिए ।

इन्जिनियरको हक, हितको संरक्षणको लागि एशोसिएशनलाई सशक्त संरक्षक संस्थाको रूपमा विकास गरिने, आगामी निर्वाचनमा विश्वभरि छरिएर रहेका इन्जिनियरको अनलाइनका माध्यमबाट निर्वाचनमा सहभागी गराइने, इन्जिनियर भवन निर्माण अभियान भन्ने नाराका साथ नेपाल इन्जिनियर्स एशोसिएशनका हरेक प्रदेश र शाखामा आफ्नै भवन निर्माण गरिने एजेण्डा रहेका छन् ।

ललितपुर लेलेमा २०७२ वैशाख १५ गते बिहान आरतीको हत्या गरिएको अवस्थामा शव फेला परेको थियो । घटनापश्चात् वैदेशिक रोजगारीको सिलसिलामा कतार गएका भोगेन्द्रविरुद्ध अन्तर्राष्ट्रियस्तरमा खोजतलास एवं पक्राउका लागि महानगरीय अपराध महाशाखाको अनुरोधमा २०७६ पुस १२ गते इन्टरपोल महासचिवालयबाट सुपुर्दगी तथा २०७७ साउन १९ मा 'रेड नोटिस' जारी भएको थियो । यादवलाई थप अनुसन्धान तथा आवश्यक कानूनी कारबाहीका लागि महानगरीय अपराध महाशाखामा बुझाइएको इन्टरपोल शाखाले जानकारी दिएको छ ।

## अन्तराष्ट्रिय महिला दिवसः

# विभेद अन्त्य गर्नुपर्नेमा जोड



**माधव बेल्वासे / मध्यान्ह**
चन्द्रौटा, २४ फागुन

लुम्बिनी प्रदेशका प्रदेशसभा सदस्य अर्जुन कुमार केसीले महिलामाथि हुने विभेदलाई अन्त्य गर्नुपर्नेमा जोड दिएका छन् । महिलाहरु विभिन्न बहानामा हिंसामा परिरहेको बताउँदै हिंसा अन्त्य गर्दै महिला पुरुष समान हुनुपर्ने केसीले बताए । कपिलवस्तुको शिवराज नगरपालिकाले ११२ औं अन्तर ाष्ट्रिय महिला दिवसको अवसरमा आयोजना गरेको एक कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

'सामाजिक न्याय तथा लैंगिक समानता : दिगो विकासको सुनिश्चितता' भन्ने मूल नारासहित आयोजित उक्त कार्यक्रममा केसीले महिलाहरुमाथि अहिले पनि विभिन्न बहानामा हिंसा हुने गरेको बताए । 'घरको छोरा ढिलो आउँदा केहि नभन्ने छोरी तोकिएको समयम भन्दा केहि समय ढिलो भए अनेक शंका गर्ने समाजको प्रचलन छ,' केसीले भने, 'छोरीको तुलनामा छोराहरु धेरै विग्रेका छन् त्यसमा अभिभावकको ध्यान जान जरुरी छ ।'

संविधानले महिलाका अधिकारहरु धेरै रहेकोले त्यसलाई व्यवहारमा उतार्न सबै लागिपर्नुपर्नेमा उनले जोड दिए । जनप्रतिनिधिहरुको सवालमा पनि मेयर पुरुष भए उपमेयर महिला अनिवार्य हुनुपर्ने प्रावधान रहेकोले महिलाहरु जागरुक हुनुपर्ने उनको भनाइ छ ।

कार्यक्रममा बोल्ने वक्ताहरुले पालिकाहरुले महिला सशक्तिकरणमा जोड दिनुपर्ने बताएका छन् । राष्ट्रिय मानव अधिकार प्रतिष्ठान कपिलवस्तुका सभापति विष्णु प्रसाद खतिवडाले समाजमा अझैँ पनि महिला माथि विभिन्न विभेदका घटनाहरु भइरहेको बताए । यौन हिंसा, बलात्कार, शोषण, दमन अत्याचार जस्ता घटनाहरु दिनप्रतिदिन भइरहेको भन्दै यसमा सजग हुनुपर्ने उनले बताए । महिला अधिकारकर्मी मिना परियारले महिलाहरुलाई नेृत्व दिन नचाहने तत्व समाजमा रहेकोले त्यसविरुद्ध सबै महिला एकजुट हुनुपर्ने बताइन् । साना घटनाहरु महिलाहरु लुकाएर राख्ने कारणले गर्दा पनि समाजमा महिलालाई हेर्ने दृष्टिकोण फरक रहेको उनले बताइन् ।

शिवराज नगरपालिका वडा १ का अध्यक्ष जगत जिसी, वडा न २ का अध्यक्ष राम बहादुर चौधरी, व्यापार संघ कपिलवस्तुका अध्यक्ष महादेव पोखेल, चन्द्रौटा उद्योग वाणिज्य संघका महासचिव दमन भाट लगायतले महिलाहरु नेतृत्वको लागि अग्र भागमा आउनुपर्ने जोड दिएका छन् । कार्यक्रमका अध्यक्ष शिवराज नगरपालिका उपप्रमुख शिवकुमारी थारुले हक अधिकारको लागि लड्नुपर्ने भन्दै यसमा आफु नगरका सबै महिलाहरुको साथमा रहेको बताइन् ।

# सामुहिक आत्महत्या प्रयास

## पाँच जना बेहोस,एकको मृत्यु

मध्यान्ह संवाददाता
काठमाडौं, २४ फागुन

ललितपुरमा एकै परिवारका पाँच जनाको मृत्यु भएको घटना सेलाउन नपाउँदै काठमाडौंमा अर्को घटना घटेको छ ।

काठमाडौंको रामकोटमा एकै परिवारका पाँच जना बेहोस अवस्थामा फेला परेका छन् । काठमाडौंको नागार्जुन नगरपालिका-६ रामकोट डाँडापौवास्थित दुईतले पक्की घरको दोस्रो तलामा फ्ल्याट भाडामा लिएर बसेका एकै परिवारका पाँच जना सोमबार राति ९.३० बजे बेहोस अवस्थामा भेटिएका हुन् ।

बेहोस अवस्थामा भेटिएकामध्ये ३३ वर्षीय सुवर्णमान प्रधानको उपचारका क्रममा मनमोहन अस्पताल स्वयम्भूमा गए रातिनै मृत्यु भएको महानगरीय प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक दिनेशराज मैनालीले जानकारी दिए ।

यस्तै ६२ वर्षीया इन्दिरामाया प्रधान, ३८ वर्षीय भीममान प्रधान, ३५ वर्षीया मन्दिरा प्रधान र ११ वर्षीया सुप्रिया प्रधान बोल्न नसक्ने अवस्थामा फेला परेको प्रवक्ता मैनालीले बताए । उनीहरुले विषादी औषधि सेवन गरेको प्रहरीले प्रारम्भिक अनुमान गरेको छ । उनीहरु चारै जनाको मनमोहन अस्पताल स्वयम्भूमा उपचार भइरहेको प्रहरीले जनाएको छ । काठमाडौं महानगरपालिका-१५ डल्लु घर भएका उनीहरु भाडामा बस्दै आएका थिए । प्रहरीका अनुसार घटनाका बारेमा थप अनुसन्धान भइरहेको छ ।



यसअघि आइतबार ललितपुरको कोयोसोम गाउँपालिका-४ नल्लुमा टिनको छानो भएको घरभित्र राति आगो बालेर झ्याल ढोका थुनेर सुत्दा अक्सिजन नपुगेर एकै परिवारका पाँच जनाको मृत्यु भएको छ ।

महानगरीय प्रहरी परिषद जावलाखेलका प्रवक्ता सिद्धिविक्रम शाहका अनुसार ५५ वर्षीया काइँली स्याङ्तान, ३३ वर्षीया सुस्मा, नौ वर्षीय आशिष, सात वर्षीया आस्मा र दुई दिनको शिशुको मृत्यु भएको हो ।

प्रहरीका अनुसार चार जना घरभित्रै र एकको उपचारका क्रममा मृत्यु भएको हो । गम्भीर अवस्थामा रहेका २२ वर्षीय शुभ तामाङको ललितपुरस्थित पाटन अस्पतालमा उपचार भइरहेको छ। चाँगुनारायणमा परालले छोपेको अवस्थामा महिलाको शव भक्तपुरको चाँगुनारायण नगरपालिकामा भक्तपुरमा परालले छोपेको अवस्थामा एक महिलाको शव फेला परेको छ । चाँगुनारायण नगरपालिका ७ बागरेस्थित तरकारी खेती गरेको जग्गामा रहेको टहराभित्र महिलाको शव फेला परेको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक शिव कुमार श्रेष्ठले जानकारी दिएका छन् । उनका अनुसार काभ्रे जिल्ला नमोबुद्ध नगरपालिका-९ की २८ वर्षीया जेनिशा नगरकोटीको शव भेटिएको हो।

महिला श्रीमानसँग भक्तपुर नगरपालिका-१० भोलाछेमा बस्दै आएकी थिइन् । उनीहरू ज्याला मजदुरीको काम गर्दै आएका थिए । शव फेला परेपछि अनुसन्धान गर्दै जाँदा उनका श्रीमान फेला परेपछि जेनिशाको सनाखत भएको हो । उनका श्रीमान राजु लामा रहेको खुलेको छ ।

सोमबार राति ९:५० बजे चाँगुनारायण नगरपालिका-७ बागरेमा हत्या गरेको अवस्थामा जेनिशाको शव फेला परेको थियो । तरकारी खेतीमा काम गर्नेहरूले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। तरकारी खेती हुँदै आएको जग्गामा बनाइएको टिनको टहराभित्र शव फेला परेको थियो । उनको घाँटी अगाडिको भागमा गहिरो चोट देखिएको छ । हत्यामा धारिलो हतियार प्रयोग भएको देखिएको छ ।

शरीर अर्धनग्न अवस्थामा हत्यापछि परालले शव छोपेको अवस्थामा फेला परेको प्रहरी जनाएको छ। उनीहरूका एक छोरा छन्। पाँच वर्षीय छोरा काठमाडौं चाल्नाखेलस्थित मावलीमा बस्दै आएको खुलेको छ ।

यता श्रीमान लामाले भने प्रहरीसँग नगरकोटी केही दिनयता कोठामा नभएको बताएका छन्। शव पोष्टमार्टमको लागि केएमसी अस्पताल दुवाकोट लगिएको छ। घटनाको थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

# महिला हिंसाविरुद्ध पुरुषहरूको प्रतिबद्धता




**काठमाडौं/मस–** दर्जनौं युवाहरूको एक समूहले अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा र्‍याली निकाल्दै महिला तथा बालिकामाथि हुने हिंसाका विरुद्ध प्रतिबद्धता व्यक्त गरेका छन् ।

युवालय नामक संस्थाको समन्वय र एक दर्जनभन्दा बढी संस्थाहरूको आयोजनामा मंगलबार भएको पदयात्रा ललितपुरको मंगलबजारबाट सुरु भई गाबहाल, पुल्चोक हुँदै जावलाखेलमा पुगेर कोणसभामा परिणत भएको थियो।

कोणसभामा बोल्दै युवा अभियानकर्मीहरूले पुरुषहरूले आफ्नो परिवार, समुदाय तथा कार्यस्थलमा रहेका महिलाहरूप्रतिको जिम्मेवारी महसुस नगरेसम्म लैङ्गिक समानता असम्भव रहेको बताए । पुरुषहरूका अतिरिक्त करिब सय महिलाहरूले समापन भेलामा ऐक्यबद्धता जनाएका थिए।

समापन समारोहमा 'महिला तथा बालिकाविरुद्धको हिंसा कम गर्नमा पुरुषको भूमिका' विषयमा कविता वाचनलगायतका क्रियाकलाप पनि भएका थिए ।

कार्यक्रममा युवालयका अध्यक्ष सन्तोष महर्जनले यो कार्यक्रमलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिइने बताए । युवालयले २०७० सालदेखि हरेक वर्ष महिला श्रमिक दिवसका दिन यो कार्यक्रम गर्दै आइरहेको छ ।

# कर्मचारी युनियनको अध्यक्षमा पोखरेल



**काठमाडौं/मस–** नेपाली कांग्रेस निकट निजामती कर्मचारीहरूको छाता सङ्गठन नेपाल निजामती कर्मचारी युनियनको अध्यक्षमा गोपालप्रसाद पोखरेल निर्वाचित भएका छन् । युनियनको आठौं राष्ट्रिय महाधिवेशनको मंगलबार सम्पन्न मतपरिणामअनुसार उहाँले दोस्रो कार्यकालका लागि अध्यक्षमा निर्वाचित भएका हुन् । महाधिवेशनले अध्यक्ष पोखरेलको नेतृत्वमा २९ पदाधिकारीसहित १०१ सदस्यीय कार्यसमिति निर्वाचित गरेको उपमहासचिव दुर्गाप्रसाद फुँयालले जानकारी दिए ।

यस्तै वरिष्ठ उपाध्यक्षमा उत्तम कटुवाल, खुला उपाध्यक्षमा यज्ञबहादुर ओली, प्रदेश नं १ अध्यक्षमा मानबहादुर वन, मधेस प्रदेश अध्यक्षमा राजकिशोर र ाउत, बागमती प्रदेश अध्यक्षमा श्रीराम लम्साल, गण्डकी प्रदेश अध्यक्षमा दीपक रेग्मी, लुम्बिनी प्रदेश अध्यक्षमा मदन गौतम, कर्णाली प्रदेश अध्यक्षमा चन्द्रबहादुर खड्का र सुदूरपश्चिम अध्यक्षमा धर्मबहादुर देउवा निर्वाचित भएका छन् ।

यसैगरी महिला उपाध्यक्षमा निर्मला शर्मा, जनजाति उपाध्यक्षमा पुरण गुरुङ, मधेसी उपाध्यक्षमा अशोककुमार रैनियार, पिछडिएको क्षेत्र उपाध्यक्षमा कृष्णबहादुर सैजुवाल श्रेणीविहीन उपाध्यक्षमा सोम कोइराला विजयी हुनुभएको छ । यस्तै महासचिवमा जनकबहादुर रावल, उपमहासचिव इन्दु शर्मा र गणेश भण्डारी, खुला सचिवमा कुलप्रसाद भट्टराई, जगतबहादुर पाठक, प्रकाश भट्टराई, झविन्द्र पोखरेल, युवा सचिव भूपेन्द्र अधिकारी, जनजाति सचिव शान्तराज राई, मधेसी सचिव चिन्तन आचार्य र कोषाध्यक्ष प्रयास घिमिरे निर्वाचित भएका छन् । नयाँ निर्वाचित कार्यसमितिको कार्यकाल तीन वर्षको हुने युनियनले जनाएको छ ।


# जापानमा वैदेशिक रोजगारको अवसर

**१. कम्पनी : GOKEI CLOUD COOPERATIVE SOCIETY** — **शहर : GUNMA**
**पूर्व स्वीकृत मिति: २०७८/११/20** — **चलानी नं.: ६०१७५५७०** — **Lt. No.: 254725**

| सि.न. | कामदारको पद | माग संख्या (महिला) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Poultry Labor | 1 | 141300 | १,४९,७७८ | क. नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

**२. कम्पनी : KIGYO NETWORK COOPERATIVE SOCIETY** — **शहर : KUSATSU**
**पूर्व स्वीकृत मिति: २०७८/११/20** — **चलानी नं.: ६०१७५५९** — **Lt. No.: 258245**

| सि.न. | कामदारको पद | माग संख्या (महिला) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | care worker | 2 | 157000 | १,६६,४२० | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

**३. कम्पनी : KIGYO NETWORK COOPERATIVE SOCIETY** — **शहर : KUSATSU**
**पूर्व स्वीकृत मिति: २०७८/११/20** — **चलानी नं.: ६०१७५५६०** — **Lt. No.: 257885**

| सि.न. | कामदारको पद | माग संख्या (महिला) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | care worker | 1 | 171484 | १,८१,७७३ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

**४. कम्पनी : GUILD ONE COOPERATIVE SOCIETY** — **शहर : OSAKA**
**पूर्व स्वीकृत मिति: २०७८/११/20** — **चलानी नं.: ६०१७५५६७** — **Lt. No.: 258246**

| सि.न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SCAFFOLDER | 2 | 200000 | २,१२,००० | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ |

**५. कम्पनी : GUILD ONE COOPERATIVE SOCIETY** — **शहर : OSAKA**
**पूर्व स्वीकृत मिति: २०७८/११/20** — **चलानी नं.: ६०१७५५६६** — **Lt. No.: 256865**

| सि.न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SCAFFOLDER | 3 | 160000 | १,६९,६०० | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ |

**६. कम्पनी : GUILD ONE COOPERATIVE SOCIETY** — **शहर : OSAKA**
**पूर्व स्वीकृत मिति: २०७८/११/20** — **चलानी नं.: ६०१७५५५८** — **Lt. No.: 258247**

| सि.न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SCAFFOLDER | 2 | 160000 | १,६९,६०० | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ६ र ७ गते (20 & 21 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ५०,०००/- कामदारले तिर्ने |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरू:**
**(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।**

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : जम्मा रु ५०,०००।- मात्र
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

■ **जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ।**

POC 2059
श्रम इजाजत नं. २९६/०५८/०५९

# प्यासिफिक ओभरसिज कन्सल्ट प्रा. लि.
महाराजगंज-४, चक्रपथ, काठमाडौं, फोन: ४७२०२५४, ९८४९६६१२११, ९८५१३२८९८३ ९७४१७४३६३४,
Email: info@pacificoverseas.org, pacificoverseas777@gmail.com, Web : www.pacificoverseas.org


**Province Government**

**Ministry of Physical Infrastructure Development**

**Transport Infrastructure Directorate**

# Infrastructure Development Office

**Okhaldhunga**

**Province no.-1, Nepal**

## Invitation for Bids

**Date of Publication: *2078-11-25(9th, March, 2022)***

1. Infrastructure Development Office, Okhaldhunga, invites bid from eligible bidders for following works :

| S. N | Contract Identification Number | Description and Location of Work | Key Qualification Requirement | Bid Security Amount (NRs.), Valid up to | Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | IDO-OKHAL-NCB-ROAD-13-078/79 | Nele-Tumse-Kageltar-Wachim-Jubho-Khaniya Khark-Yeselu Khark Road, Solukhumbu | Turnover : NRs. 25,00,00,000.00<br>Experience : At least one Road work Contracts in Black Top Surface with in the last ten (10) years,with a value of at least NRs. 33,00,00,000.00 with VAT, that have been successfully or are substantially completed. | 1,25,00,000.00 (2022-09-07) | 20,000.00 |

2. Submission and Opening:

| Last Date of Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| *2078-12-27 (10th April, 2022)* | 12:00 noon | *2078-12-27 (10th April, 2022)* | 13:00pm | Bidders download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's Website **www.bolpatra.gov.np/egp**. In e-bidding, Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. |

3. Revenue Details:

| Account Holder's Name | Bank Name | Bank Address | Account Number | Heading No. |
|---|---|---|---|---|
| Province Dharauti Khata | Rastriya Banijya Bank, Okhaldhunga Branch | Okhaldhunga Branch | 2070100202030000 (Dharauti) | Office code:-3370110011 |
| Mahalekha Niyantrak Karyalaya, Anamnagar, Kathmandu | Rastriya Banijya Bank | Okhaldhunga Branch | 1000100200010000 (Rajswa) | 14229 (Revenue) |

4. Pre-bid meeting shall be held at the office on 2078-12-10(24th March, 2022) at 13:00 Hrs.
5. If the last date of Bid submission and opening falls on a government holiday then the next working day shall be considered at last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA, 2063 and PPR, 2064 (Revised).

**Office Chief**


# HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.




**तालिमपछि रोजगारको ग्यारेन्टी**

Best in the KTM
VICTORIA INTERNATIONAL

**VICTORIA INTERNATIONAL**
**HOTEL TRAINING & INSTITUTE PVT. LTD.**
www.facebook.com/hoteltrainingnepal  Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
२५ फागुन २०७८, बुधबार
9 March 2022, Wednesday

## सम्पादकीय

### आवेगको अभिव्यक्ति

सरकारले तयार पारेको यूट्युव नियमन गर्ने नियमावलीप्रति आलोचना भइरहेको छ । सूचना तथा प्रविधि मन्त्रालयले तयार पारेको नियमावलीमा अब यूट्युब च्यानल सञ्चालन गर्न पाँच लाख रूपैयाँ धरौटी राख्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था सरकारले यूट्युब सञ्चालनमा निरूत्साहित गर्ने उद्देश्यले ल्याएको निष्कर्ष सहित सरोकारवालाको चर्को विरोध छ । यो कानुनले नागरिकको संविधान प्रदत्त अधिकार खोसिने उनीहरूको चिन्ता छ । कतिपयले वर्तमान सरकार पनि अघिल्ला सरकारकै पदचापमा हिडेको आरोप लगाएका छन् । उनीहरूको निष्कर्ष छ– पाँच लाख रूपैयाँ धरौटी माग्नु भनेको यूट्युब सञ्चालनमा निरूत्साहित र नियन्त्रण गर्नु हो । आम नेपालीको औसत आम्दानी हेर्दा पनि यो रकम ठूलो हो ।

धरौटी भन्दा पनि सरकारको नियत गलत देखिएको सरकारवालाको बुझाइ हो । पक्कै पनि बढी आक्रामक देखिएका कतिपय यूट्युबले सामान्य आचारसंहिता पालाना गरेको देखिन्न । सामाजिक सद्भाव, व्यक्तिगत गोपनीयता, राष्ट्रिय सुरक्षा, अदालतमा विचाराधीन मुद्दालाई प्रभाव पार्नेगरी यूट्युबले सामग्री तयार पार्ने गरेका छन् । यूट्युबकै कारण समाजमा गलत सूचना प्रवाहित र स्थापित हुने चिन्ता आमसञ्चार क्षेत्रमा समेत देखिन्छ । घटनालाई सनसनीपूर्ण बनाउनु यूट्युबको विशेषता हो भन्ने आमबुझाइ विकास भएको छ । त्यसैले नियमनको खाँचो छ । अन्य क्षेत्रजस्तै यूट्युब सञ्चालकमा पनि सामाजिक उत्तरदायित्व आवश्यक छ । मुलुकको संविधान भन्दा माथि कोही नहुने भएकाले पनि सामाजिक उत्तरदायित्व र जवाफदेहिता अनिवार्य छ ।


तर जवाफदेही र उत्तरदायी बन्यो भन्दैमा यूट्युब नियन्त्रणकै दिशामा सरकार बढ्नु हुन्न । यो यात्रामा जानु भनेको संविधानको उल्लङ्घन हो । संविधानले नागरिकलाई राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार जस्तै वाक तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता गरेको छ । आफूलाई लागेको कुरा राख्न पाउनु नागरिक अधिकार हो भने सूचना प्रवाह पूर्ण प्रेस स्वतन्त्रतासँग पनि जोडिन्छ । किनभने यूट्युब आमसञ्चार क्षेत्रसँग जोडिएको क्षेत्र हो । त्यसैले यूट्युबप्रति बनाइने कठोर कानुनको मार आमसञ्चार क्षेत्रसँग जोडिन्छ, त्यो यात्रा बढ्दै जाँदा आमसञ्चार क्षेत्र समेत नियन्त्रित हुने डर हुन्छ । त्यसैले सरकारले यूट्युब नियमनसँग सम्बन्धित निर्णय लिंदा आवेगमा होइन, विवेकमा आधारित भएर बनाउन आवश्यक छ । तत्काललाई आलोचित नियमावली संशोधनको विकल्प छैन ।

सन्दर्भ : अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

# बराबरी भविष्यको लडाइँमा महिला

**जिब्रो नचपाई भन्ने हो भने खासमा महिलाहरू स्वतन्त्रता र कम्युनिजम चाहन्छन् । सर्वहारा महिलाहरू सानदार वर्ग योद्धा हुन् । महिला आन्दोलनमा सामाजिक संवेदना धेरै महत्वपूर्ण कुरा हो तर, यसलाई पुँजीपति वर्गले खिल्ली उडाइरहेको छ ।**

अग्रलेख



● खेम थपलिया

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस २०२१ को सन्दर्भमा प्रमुख नारा दिइएको थियो- 'नेतृत्वमा महिलाहरू : कोभिड १९ को विश्वमा बराबरी भविष्यको प्राप्ति ।' यसपालि अर्थात् सन् २०२२ को दिवसको अन्तर्राष्ट्रिय नारा 'दिगो भविष्यका लागि लैंगिक समानता' दिइएको छ । नेपालमा भने 'सामाजिक न्याय र लैंगिक समानता : दिगो विकासको सुनिश्चितता' भन्ने नाराका साथ यो दिवस मनाइएको छ । झन् 'दिगो भविष्यका लागि लैंगिक समानता' को कुरा कता हो कता ? प्रस्तुत नारा मीठा छन्, महिलालाई विश्वमा बराबरी हैसियत प्राप्ति निकै महत्वपूर्ण कुरा पनि हो तर, के यो कुरा समकालीन विश्व पुँजीवादी संसदीय राजनीतिक व्यवस्थाबाट सम्भव छ त ? यो अहम् महत्वको प्रश्न हो ।

पुँजीवादद्वारा मीठा-मीठा नारा दिएर नमीठा-नमीठा व्यवहार आम महिला जगतले भोग्दै आएका छन् । विभिन्न देशले प्रत्याभूत गरेका संवैधानिक अधिकारको समेत कार्यान्वयन हुन नसकिरहेको सन्दर्भमा कोभिड-१९ विरुद्धको लडाइँमा महिलालाई पुरुषको तुलनामा १० प्रतिशत मात्र कम सुविधा उपलब्ध गराइएको तथ्यले यो क्षेत्रको भयानक असमानतालाई झल्काउँदै छ । राष्ट्र संघका महासचिवको प्रतिवेदनअनुसार विश्वका २२ देशमा महिलाहरू राष्ट्र तथा सरकार प्रमुख रहेका छन् । विश्वभरि संसदीय व्यवस्था रहेका देशहरूमा २५ प्रतिशतभन्दा कम महिला सांसद् रहेका छन् । यही दर कायम रहिरहे सांसद् लैङ्गिक समानताका लागि १३० वर्ष लाग्नेछ । यो कुरालाई संसदीय फाँटमा क्रियाशील महिलाहरूले विशेष मनन् गर्न आवश्यक छ । लैङ्गिक समानताको अन्य कुरा त झन् कता हो कता ? नाम र नारा आ-आफ्नै दिए पनि सारतः न्याय, समानता र वैज्ञानिक राज्य प्रणालीका पक्षमा विश्वभर विभिन्न तवरबाट महिलाहरूले निरन्तर विद्रोह र प्रतिरोध गर्दै आएका छन् । मेक्सिकोमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको भोलिपल्ट मेक्सिकन महिलाहरूले अत्यावश्यक घरायसी कामसमेत बन्द गरिदिएका थिए । पारिवारिक तथा सामाजिक विभेदविरुद्धको यो विद्रोह विशेष अर्थपूर्ण रहेको छ ।

शेली लुन्डवर्गको सम्पादनमा महिला-पुरुष असमानतामा आधारित एउटा पुस्तक प्रकाशित भएको छ, 'विमेन इन इकोनोमिक्स ।' अमेरिका र युरोपमा क्रमशः १३ र २२ प्रतिशत महिला प्राध्यापक छन् । विश्वमा दुई दशकयता अर्थशास्त्र अध्ययनकर्ता महिला ३० प्रतिशत पनि छैनन् भने महिला लेखक झन् अत्यन्त न्युन छन् । यी एकाध विश्व तथ्यांकबाट नेपाली महिलाहरूको अवस्थाको सजिलै आंकलन गर्न सकिन्छ । आज विश्वभर समृद्धिको जति नारा दिए पनि खास समृद्धिमा समानता भएन भने त्यसले कुनै अर्थ हुँदैन । यसबाट स्पष्ट हुन्छ कि महिलाहरूले तमाम तगारा हटाउन निकै लामो र भीषण लडाइँ अनिवार्य छ ।

## विषय विस्तार

विश्वव्यापी रूपमा धेरै विश्लेषकहरूले महिलाका विषयमा बोलेका-लेखेका भए पनि यथार्थतः त्यसमा गम्भीरता कम रहेको पाइन्छ । पुँजीवादी आन्तरिक झडपले महिलाहरूले अनेक मार खेप्दै आउनुपरेको छ । वास्तविक अर्थमा महिलाहरू शान्ति चाहन्छन् त,र परिस्थिति त्यस्तो छैन । क्लारा जेट्किनले पुँजीवादी देशहरूको आपसी झगडाका कारण भड्किएको प्रथम विश्वयुद्धताका सो युद्ध मजदुर तथा महिलावर्गका लागि हितकर नभएको र नितान्तः पुँजीजीवीवर्गको स्वार्थको झगडा भएको बताएकी थिइन् । बोल्सेभिक पार्टीको नेतृत्वमा सम्पन्न सोभियत समाजवादी अक्टोबर क्रान्ति महिला मुक्तिको क्रान्ति पनि थियो । लेनिन महिलाहरूको समस्याबारे नियमित विमर्श गर्नुहुन्थ्यो । कम्युनिस्टहरूका लागि महिलाहरूको सामाजिक समानता सैद्धान्तिक तथा निर्विवाद कुरा हुन् । महिला विषयक विमर्शको सन्दर्भमा जेट्किनसित कुरा गर्दै लेनिनले भन्नुभएको थियो, "हामीले स्पष्ट तथा निश्चित सैद्धान्तिक आधारमा एउटा बलियो अन्तर्राष्ट्रिय महिला आन्दोलन अवश्य नै खडा गर्नुपर्दछ । स्पष्ट छ कि मार्क्सवादी सिद्धान्तबिना राम्रो व्यावहारिक काम हुन सक्दैन । यस विषयमा पनि हामी कम्युनिस्टहरूलाई बढीभन्दा बढी सैद्धान्तिक स्पष्टताको आवश्यकता छ । हामीले अरू सबै पार्टीहरूबाट आफूलाई पूर्णतया अलग गर्नुपर्छ । दुःखद् कुरा यो छ कि हाम्रो दोस्रो अन्तर्राष्ट्रिय कांग्रेसले महिलाहरूको प्रश्नमाथि गम्भीरता देखाउन सकेन । मामिला आयोगमै अड्कियो । आयोगले एउटा प्रस्ताव, थेसिस र एउटा ठोस लाइन तयार गर्नु छ । तर, अझसम्म त्यसको काम धेरै अगाडि बढेको छैन ।"

महिलाहरू के चाहन्छन् भन्ने विषयमा विभिन्न बहस भइरहेका छन् । जिब्रो नचपाई भन्ने हो भने खासमा महिलाहरू स्वतन्त्रता र कम्युनिजम चाहन्छन् । सर्वहारा महिलाहरू सानदार वर्ग योद्धा हुन् । महिला आन्दोलनमा सामाजिक संवेदना धेरै महत्वपूर्ण कुरा हो तर, यसलाई पुँजीपति वर्गले खिल्ली उडाइरहेको छ । हरेक समस्याले समाधानको माग गरिरहेको हुन्छ ।



> राष्ट्र संघको प्रतिवेदनअनुसार विश्वका २२ देशमा महिलाहरू राष्ट्र तथा सरकार प्रमुख रहेका छन् । विश्वभरि संसदीय व्यवस्था रहेका देशहरूमा २५ प्रतिशतभन्दा कम महिला सांसद् रहेका छन् । यही दर कायम रहिरहे सांसद् लैङ्गिक समानताका लागि १३० वर्ष लाग्नेछ । यो कुरालाई संसदीय फाँटमा क्रियाशील महिलाहरूले विशेष मनन् गर्न आवश्यक छ । लैङ्गिक समानताको अन्य कुरा त झन् कता हो कता ?

क्रान्तिले पुराना सामाजिक सम्बन्ध भत्काउँदै जानेछ : स्त्री र पुरुषबिच नयाँ वैचारिक सम्बन्ध बन्दै जानेछन् । हामीले आलोचनात्मक विश्वदृष्टि अपनाएर पुँजीवादी समाजको अनैतिकता र झुटको भर्त्सना गर्नुपर्दछ । समाजका विचारधारात्मक ढाँचाका कुनै पनि महत्वपूर्ण अंग तथा कुनै प्रमुख सामाजिक परिघटनाको मार्क्सवादी विश्लेषण पुँजीवादी व्यवस्था तथा त्यसका निजी सम्पत्तिको विश्लेषणमा पुग्न आवश्यक छ । महिलाको प्रश्नमा बहुआयामिक ज्ञानका साथ समग्र विषयमा स्पष्ट मार्क्सवादी समझदारीको आवश्यकता छ । हामीले मिहिनेतकस महिलाको चिन्तनलाई ख्याल गर्दै तमाम मिहिनेतकस महिलाहरूको ध्यान कम्युनिस्ट-सर्वहारा क्रान्तितिर लगाउनु आवश्यक छ । आजको कम्युनिस्ट सर्वहाराक्रान्ति भनेको एकीकृत जनक्रान्ति हो । महिलाहरूका विविधतापूर्ण सम्बन्ध, मिहिनेतकस महिलाहरूको जीवनमा त्यसको प्रभाव, बेरोजगारी, नगन्य वेतन, कर, सामाजिक एवम् सांस्कृतिक प्रतिष्ठाजस्ता गम्भीर प्रश्न छन् । खासमा कम्युनिस्ट सर्वहारा महिलाका राजनीतिक एवम् सामाजिक शिक्षण झुटमा आधारित छन् । हामीले ती झुटका पुलिन्दालाई च्यातचुत बनाइदिनुपर्दछ ।

सन् १८४८ मा 'द सेनेका फल कन्भेन्सन' पछि विश्वमा महिला हक-अधिकारसम्बन्धी धेरै कुरा भएका छन् । मार्क्स-एंगेल्सले कम्युनिस्ट पार्टीको घोषणापत्र जारी गर्दै भन्नुभएको थियो, "बुर्जुवाहरू आफ्ना श्रीमतीलाई उत्पादनको साधन ठान्छन्, जो पुरुषको इच्छाअनुसार चल्नुपर्छ । उत्पादनको साधनमाथिको अधिकतम शोषण र प्रयोगबाट नै नाफा कमाउन सकिन्छ भन्ने सोच राख्ने बुर्जुवाहरू महिलामाथिको शोषणलाई आफ्नो अधिकार मान्दछन् ।" खासमा संगठित भएर मात्र विश्व बदल्न सकिन्छ । मार्क्सले थप भन्नुभएको थियो, "जुन कारखाना, कम्पनी, कार्यालय र बस्तीहरूमा ठूलो संख्यामा महिलाहरू कार्यरत छन्, त्यस्ता ठाउँमा महिलाहरू मात्र रहेको सांगठनिक संयन्त्र बनाई उनीहरूलाई संगठित गर्नुपर्दछ । साथमा, संगठनको मूल संरचनामा पनि उनीहरूका लागि उचित स्थानको सुनिश्चितता गरिनुपर्दछ ।" नेपालमा २००६ सालमा कम्युनिस्ट पार्टी स्थापना गर्दै गर्दा पुष्पलालले उल्लेख गर्नुभएको 'राष्ट्रिय जीवनमा सबैको बराबरी हक' को कुरा पनि यहाँ विशेष स्मरणीय छ ।

आदिवासी महिलाले पाँच शताब्दी लामो औपनिवेशिकताका विरुद्ध लडेर प्राप्त गरेको उपलब्धिलाई बोलिभियन सरकारले संस्थागत गरिहँदा नेपाली महिलाहरूको वीरता, शौर्य र बलिदानलाई सत्ताधारीले निषेध गर्दैछ । आमूल परिवर्तनकारी आन्दोलनमा नेपाली महिलाको सक्रिय, रचनात्मक, बलिदानीपूर्ण भूमिका रहँदै आएको छ । ब्रिटिस औपनिवेशिक सेनासँग भएको नालापानी किल्लाको युद्धमा महिला तथा बालबालिका पनि ब्रिटिस सेनाको बारुद र बमविरुद्ध ढुङ्गामुडा लिएर युद्धमा होमिएका थिए । टर्कीकी हेले बोलेक र इब्रु तिम्तिक, बर्दियाकी कोइली देवी, छिन्ताङकी हाङ्सिमा साइँली, जनयुद्धकी दिलमाया योञ्जनलगायत बलिदानको निकै लामो सूची छ । नेपाली जनयुद्धमा क्रान्तिकारी महिलाहरूले बलिदानको विशाल पीरामिड खडा गरेका छन् । संसार बदल्नुअघि आफैं बदलिनुपर्छ । एकोहोरो उपदेशात्मक प्रलापले परिवर्तन असम्भव छ । क्रान्तिकारी महिलाको विचार निर्माण पनि आज महत्वपूर्ण कार्यसूची बनेको छ । आज महिलाहरूलाई आह्वान गर्दै विश्वभर 'सडकमा निस्कने र नारा लगाउने कुरामा बानी पार्नुस्' भन्ने जागरण फैलाउन थालिएको छ । सामाजिक उत्पादनमा भाग लिन थालेपछि महिलाहरूमा सामाजिक अधिकारको चेतना जाग्न थालेको हो । जुन वर्ग आर्थिक दृष्टिले पराधीन हुन्छ, ऊ राजनीतिक र सामाजिकरूपबाट पनि पराधीन रहन्छ । सम्पूर्ण शोषित उत्पीडितको मुक्ति आन्दोलनको सिलसिलामा नै महिला मुक्ति आन्दोलन अगाडि बढाएर शोषित उत्पीडित जनताको मुक्तिसँगै महिला मुक्ति पनि सम्भव हुनेछ ।

## उपसंहार

मार्क्सले महिलालाई पुरुषसरह नै ठान्नुभएको छ । उहाँले 'महिलालाई पुरुषको मातहत' ठान्नुभएको छैन । उहाँले 'परिवारको उन्मूलन' को घोषणा गर्दै लोग्ने मालिकजस्ता स्वास्नी दासीजस्ती र लोग्ने बुर्जुवाजस्ता र स्वास्नी सर्वहाराजस्ती रहेको निष्कर्ष निकाल्नुभएको थियो । मार्क्सले घोषणा गर्नुभएको थियो, "महान् परिवर्तनहरू महिलाहरूको संलग्नताबिना असम्भव छ ।" एंगेल्सले 'परिवार निजी सम्पत्ति र राज्यको उत्पत्ति' नामक ग्रन्थ नै लेखी महिला पुरुष समानता तथा महिला उत्पीडनविरुद्ध ऐतिहासिक घोषणा गर्नुभएको थियो, "आधुनिक व्यक्तिगत परिवारको विकाससँगै घरभित्रको व्यवस्थाले सामाजिक चरित्र गुमायो । यो निजी सेवा हुन गयो र श्रीमती पहिलो घरेलु नोकर भइन् र सामाजिक उत्पादनको कामबाट गलहत्याइन् ।" उहाँले ७ हजार वर्षदेखिको समाजको विकासक्रमको व्याख्या गर्नुभयो र कसरी प्राचीनकालमा युद्धरत पक्षले महिलालाई वस्तुसरह दुरुपयोग गरे भन्ने चर्चा गर्नुभयो, "मूल्यवान वस्तु, जमिन र सन्धिसँग महिला साट्ने, बिक्री गर्ने वा दुईतिरको महिला साटासाट गरियो । युद्ध सरदारबिचको गठबन्धन बलियो पार्न बिहेलाई माध्यम बनाइयो । शासकवर्गको लोग्नेले आफ्नी श्रीमतीलाई अरू दासीसरह पाल्यो र जीवनपर्यन्त उनको शरीरमाथि कब्जा जमायो ।"

लन्डनमा आइतबारका दिन भेला भएर कार्यक्रम गर्न निषेध थियो । मार्क्सपुत्री एलियानोरले सन्डे इभिनिङको आयोजना र प्रचार गर्नुभयो । उहाँकै प्रचारका आधारमा दुई हजारजति मान्छे जम्मा भए । तिनै दुईहजार मान्छेका बिचमा चौध वर्षिया एलियानोरले साङ्गीतिक प्रस्तुति दिनुभयो । सोही आइतबारे कार्यक्रमबारे मार्क्सले टिप्पणी गर्नुभयो, "सबै कुरा निषेधित थियो, चौध वर्षकी छोरीले कार्यक्रम गरी, एउटा मान्छे पनि पक्राउ परेन । यसबाट सिक्न कुरा के ? इफ यु वान्ट टु डु समथिङ इलिगल, डु विथ टु थाउजेन्ड पिपल अर्थात् कुनै अवैधानिक काम गर्नु छ भने दुईहजार मान्छे बटुलेर त्यस्तो काम गर ।" यसर्थ, हाम्रा काम-कारबाही उद्देश्यमूलक र गन्तव्यमूलक हुनैपर्दछ । हाम्रा काम-कारबाहीहरू देखाउनका लागि होइन, बदल्नका लागि हुनुपर्दछ । रुखका पातहरू त फेरिँदै जान्छन् भने मरणासन्न पुँजीवादी व्यवस्था र तिनका तमाम रुढी नफेरिने कुरै छैन । समाज विकासको ऐतिहासिक प्रक्रियाले पनि हामीलाई यही कुरा सिकाएको छ । हामीसँग त्यसका लागि दृढ संकल्पको आवश्यकता छ । क्रान्तिकारी आचरणबिना वैज्ञानिक समाजवादको कल्पना गर्न सकिन्न । यसर्थ, सबैले आ-आफ्नो समाजवादी आचरण निर्माण गरौँ । वैज्ञानिक समाजवादी राज्य प्रणालीका साथ महिलाहरूको समान अधिकार र बराबरी भविष्य सुनिश्चित गरौँ ।

## सामाजिक सञ्जाल




**- सुर्यराज आचार्य**

युक्रेनमा जारी युद्ध शक्ति राष्ट्रहरूमध्ये कसको कति हैसियत भन्ने बारेको परीक्षणका लागि हुँदै गरेको जस्तो देखिएको छ । यो द्वन्दको परिणामले विश्व व्यवस्थाको भावि स्वरूप निर्धारण हुने देखिन्छ । राष्ट्रहरूबिचको शक्ति परीक्षाका लागि युक्रेनी जनताले युद्धको पीडा भोग्दैछन्, दुर्भाग्य !




**- सौगात शंकर**

सात सालदेखि आजसम्म नेपालको राजनीतिमा विदेशी राष्ट्रहरूको प्रभाव भइरहेकै हो । यस्लाई मिनिमाइजसम्म गर्न सकिएला, तर रोक्न असम्भव नै हुन्छ । साथै, हरेक तेश्रो विश्वको मुलुकहरूमा यो भइरहेकै छ, नेपाल मात्र अपवाद हुनै सक्दैन ।



**- विष्णु पोखरेल**

यत्रो समयसम्म महाअभियोग मुद्दा संसदमा डिले गरेर राख्न पाइन्छ र ? अनि एमाले संसद अवरोध पनि गरि राखेको छ, फेरि उहीँ पार्टीका दुई तीन जना सांसद महाअभियोग समितिमा रहेर काम सिफारिस गरिएको छ । व्यवस्थापिका संसदले जे गर्दा पनि हुन्छ कि त्यसका पनि आफ्ना मुल्य र मान्यता हुन्छन् ?



**- ठाकुर केसी**

युक्रेनका राष्ट्रपति जेलेस्कीले आफ्नो बालहठ छाडेर सत्ता त्यागिदिए हुन्थ्यो । कमसेकम देश त खरानी हुन्थेन । जनताहरूले देश छाडेर भाग्नु त पर्थेन । त्यस्ता सत्ता त फेरि पनि कब्जा गर्न सकिन्छ । जनता बाँची रहे ! देश बाँकी रहे ! लगभग आधाउधी जनताहरूले देश छाडेर भागिसके । अब कसका लागी सत्ता ?



**- बाबुलाल भण्डारी**

यसरी डिजेल र पेट्रोलको मूल्य दिनदिनै बढाएर प्रत्येक पटक उपभोक्तालाई मार पार्नु र आफैलाई बदनामी कमाउनुको सट्टा सरकारले कहिलेकाहीँ प्रतिलिटर तेल आयातमा आफूले लगाइआएका करहरूमा थोरै छुटदिएर निगमको घाटा समायोजन गरे पनि त हुँदो हो नि !

# नारी दिवस र पुरुष

**'नारी दिवस'लाई पेसाका रूपमा मनाएर समग्र नारीको हित हुँदैन । त्यसले त मुट्ठीभर नारीहरूको आर्थिक र सामाजिक विकासमा मात्रै सघाउने अवस्था रहन्छ । तर, विगत आधा शताब्दिदेखि नारीहरू विकासको गतिमा अघि बढिरहेका छन् वा विनाशको गति तिर ? यसलाई स्पष्ट गरिनुको विकल्प छैन । डलरको डकारका रूपमा नारीलाई कर्तव्यको पाठ नपढाएर केवल अधिकारको डंका पिट्न सिकाएर नारीलाई बेघर र बालबालिकाको विचल्ली त गराइँदै छैन ?**

विचार



● इन्दिरा प्रसाईं

सृष्टि नारीपुरुष विना सम्भव छैन । त्यसैले सृष्टि चलायमान राख्न नारीपुरुष दुवैको समान महत्व छ । यसकारण नारी र पुरुषको सहअस्तित्व सधैं समान्नित रहनु पर्छ । सृष्टि वा प्रकृतिका हिसाबले पनि नारी र पुरुष समान हुन् । यति हुँदाहुँदै पनि समाजको ढाँचामा पुरुष प्रधान वा नारी प्रधान हुनासाथ सत्ताधारीले अर्को लिङ्गमाथि शासन गर्ने प्रवृत्ति देखिन्छ । यही प्रवृत्ति नै नारीपुरुष सम्बन्धलाई विषैलो बनाउने तत्व हो । पितृसत्ता बितिरहेको हाम्रो समाजमा लामो समयदेखि नारीहरू पिडित हुँदै आए । वैदिक श्लोक 'यत्र नार्यस्तु पुज्यन्ते रम्यन्ते तत्र देवता' पनि व्यवहारमा भन्दा नारामा वा हाँस्यपुटका रूपमा रह्यो । पितृसत्ताले सकेसम्मको दासत्वमा नारीलाई राख्यो । जहाँ एक अर्काको सम्मान वा सहअस्तित्वको कदर नभएर दासत्व हुन्छ त्यहाँ विद्रोह अवश्य हुन्छ । त्यही विद्रोहका रूपमा 'नारी दिवस' प्रारम्भ भयो ।

सन् १९७५ बाट अन्तर्राष्ट्रिय रूपमा प्रारम्भ गरिएको नारी दिवसले हाम्रो मुलुकमा पनि तात्विक विकास गर्न



सकेको देखिँदैन । आफैँले जन्माउने छोरी सन्तानमा छोरा जत्तिकै गर्व गर्न नसकुञ्जेल र छोरा र छोरीका बीच माता पिताले नै समान दृष्टि नराखुञ्जेल 'नारी दिवस' को औचित्य पूरा हुन्छ जस्तो लाग्दैन ।

'नारी दिवस'लाई पेसाका रूपमा मनाएर समग्र नारीको हित हुँदैन । त्यसले त मुट्ठीभर नारीहरूको आर्थिक र सामाजिक विकासमा मात्रै सघाउने अवस्था रहन्छ । तर, विगत आधा शताब्दिदेखि नारीहरू विकासको गतिमा अघि बढिरहेका छन् वा विनाशको गति तिर ? यसलाई स्पष्ट गरिनुको विकल्प छैन । डलरको डकारका रूपमा नारीलाई कर्तव्यको पाठ नपढाएर केवल अधिकारको डंका पिट्न सिकाएर नारीलाई बेघर र बालबालिकाको विचल्ली त गराइँदै छैन ? परिणामतः टुक्रिएका घरहरू, बिल्लिबाठ भएका परिवार, मानसिक विकारले ग्रस्त बालबालिकाहरू, विछिप्त नारी र पुरुषको बढ्दो संख्या जस्ता समाजमा देखिएका दृष्य निश्चय नै समाजनासक हुन् ।

यी दृष्यका अघिल्तिर निश्चय नै नारी पात्रताको प्रमुख भूमिका त देखिन्छ । तर यस रूपमा समाजलाई अग्रसर गराउनमा नारीवादको फोस्रो पाठ पढाउने अधिकार कर्मीहरू र पितृसत्ताको आसनबाट ओर्लिन नचाहने पुरुष पात्र पनि हुन् ।नारी पुरुष एक अर्काका प्रतिशोधी नभएर परपुरक हुन् भन्ने कुरा दुवैथरीले नबुझेसम्म समाजको समग्र विकास हुनसक्छ जस्तो देखिन्न । त्यसैले समग्र समाजको सुन्दर र सुखद् भविष्य निर्माणका लागि पुरुषले पितृसत्ताको चश्मा फुकाल्नु पर्छ भने नारीले आफ्नो मर्यादा र धर्मको चश्मा खोल्नु हुन्न भन्ने लाग्दछ ।

निष्कर्षका, रूपमा प्रकृतिले जिम्मा लाएको आ-आफ्नो कर्म इमानका साथ पूर्ण गरेर एक-अर्काको अस्तित्वको सम्मान गर्नुभन्दा ठूलो 'नारी दिवस' अर्को हुँदैन । नारीहरू नारी धर्मबाट विचलित नहुने र समग्र पुरूषहरूलाई समेत पितृसत्ताको कुर्सीबाट तल ओर्लेर नारी पुरुष समताको आसनमा बस्ने अवस्थाको सिर्जना हुनुपर्दछ । त्यस्तो भएमा नारीहरुको सम्मान मात्रै होइन साँचो अर्थमै समाजकै विकास भएको ठहरिनेछ ।

### नापी कार्यालयको त्रुटि

# भोगचलन एउटाको, जग्गाधनी पुर्जा अर्कैको !

**दाङ/मस**–दाङको तुलसीपुरमा भोगचलन एउटाको, जग्गाधनी पुर्जा अर्कैको नाममा भएपछि सिङ्गो गाउँलाई समस्या भएको छ ।

तुलसीपुर उपमहानगरपालिका-१९ को भित्री स्यालापानी र बाहिरी स्यालापानीका ४० घरजति नागरिकको जग्गामा नापी कार्यालयले त्रुटि गर्दा समस्या भएको हो ।

जग्गा एउटाको नाममा छ, भोगचलन अर्कैले गरिरहेको छ । यही कारण अहिले दाङको एउटा गाउँ निकै तनावमा छ । घर र जग्गा भोगचलन गरिहेको एउटाले हुन्छ, तर अर्कैका नाममा पुर्जा हुँदा त्यसले गाउँलाई निकै समस्या गराउने गरेको छ ।

स्थानीयवासी संगीता बस्नेत परिवारको १६ कट्ठा चार धुर जग्गा नाममा छ । तर उनीहरुले अहिले चार कट्ठामात्रै भोगचलन गर्दै आएका छन् । किनकि उनीहरुका नाममा जग्गा भए पनि त्यो जग्गा अर्कैले भोग गर्दै आएका छन् । त्यस्तै दरिभान घर्तीको परिवारले विसं २०१६ मा त्यस स्थानमा जग्गा किनेर घरबाससमेत बनाएको थियो । तर उनीहरुले किनेको र बनाएको घर अहिले अर्कैको नाममा छ । त्यतिमात्रै होइन, त्यही ठाउँका दुर्गाकुमारी बस्नेतको परिवारले पनि त्यहाँ जग्गा किन्यो । उनीहरुले खेत भनेर जग्गा किने तर नापी गर्दा सिँचाइको सुविधासमेत नभएको पाखो जग्गा परेको रहेछ । अहिले त्यही पाखो जग्गा उनीहरुले भोगचलन गर्दै आएका छन् । जग्गा अर्काका नाममा परेर




थुप्रै समस्या देखिएका छन् । त्यहाँका करिब ४० घरको यस्तो समस्या छ । भोगचलन गरेको जग्गा एउटा र पुर्जा भएको जग्गा अर्कैको हुँदा निकै समस्या हुने गरेको स्थानीयवासी संगीता बस्नेतले बताइन् । 'हाम्रो जग्गा १६ कट्ठा चार धुर हो, तर अहिले हामीले चार कट्ठामात्रै उपभोग गर्दै आएका छौँ', उनले भनिन्, 'भोगचलन गर्दै आएको जग्गा पनि हाम्रो नाममा छैन, अहिले जति भोग गर्दै आएका छौं, त्यत्तिमात्रै हाम्रो नाममा आएपनि खुसी हुने थियौं ।'

अहिले अर्काको जग्गामा बसोबास गर्दा आफूहरुले त्यो जग्गामा घर निर्माणदेखि बैंकबाट ऋण लिनसमेत समस्या भएको दरिभान घर्तीले बताए । 'हामीले किनबेच पनि गर्न पाएका छैनौं, बैंकबाट ऋण निकालेर केही काम गर्न पनि पाएका छैनौं ।'

घर्तीको परिवार विसं २०१६ मा त्यस स्थानमा बसोबास गर्न आएको हो । उनीहरुले त्यहाँ जग्गा किनेर बस्न थालेका हुन् । जतिबेला छ महिना त्यस ठाउँमा बस्ने र बाँकी छ महिना पहाडी क्षेत्रमा बस्ने चलन थियो । औलो रोगको जोखिमले पनि त्यहाँका नागरिक पहाड जाने गर्थे । त्यहाँबाट पहाडमा गएको मौकामा त्यहाँ नापी भएको स्थानीयवासी घर्तीले बताए । 'हामी छ महिना दाङ बस्थ्यौं, छ महिना पहाड बस्थ्यौँ', उनले भने, 'त्यही मौकामा नापी आएर जग्गा नापेर गएछ, पछि मात्रै हामीलाई थाहा भयो ।' त्यहाँका स्थानीयवासीले यसरी जग्गा बिग्रिएको भन्ने पनि थाहा पाएका थिएनन् । विसं २०५२/५३ तिर जग्गा किनबेच गर्ने क्रममा मात्रै उनीहरुले जग्गा यसरी बिग्रिएको भन्ने थाहा पाए ।

अहिले मालपोत एउटाले तिर्ने र भोगचलन अर्कैले गर्ने गरेको छ । 'मालपोत कर हामीले तिर्छौं', स्थानीय मीनप्रकाश विश्वकर्माले भने, 'तर जग्गा अर्कैले भोग गर्ने गरेका छन् ।' राजनीतिक दलहरुले मिलाउन चाहेमा यो मुद्दा मिल्ने भए पनि यस विषयमा राजनीतिक दलहरुले पनि आफ्नो स्वार्थलाई बढी ध्यान दिने गरेको उनीहरुको गुनासो छ । अहिले जग्गा बढी परेका व्यक्तिहरूले आलटाल गर्दा पनि त्यहाँ कुरा मिल्न सकेको छैन । यस विषयमा पटक-पटक वडा, पालिका र नापी कार्यालयलाई झकझक्याउँदा पनि कुनै सुनुवाइ नभएको उनीहरुको गुनासो छ । 'हामीले नापी कार्यालयलाई झकझक्यायौं, पटक-पटक वडालाई पनि भन्यौं, उपमहानगरपालिकामा पनि गयौं', उनले भने, 'हुन्छ-हुन्छ भन्ने तर कुनै निकायबाट चासो दिइएन ।'

यसले पछिल्ला सन्तानलाई निकै समस्या पर्ने भन्दै यो समस्या तत्काल समाधान गर्नतर्फ सबैले ध्यान दिनुपर्ने स्थानीयवासीको भनाइ छ । नापी कार्यालय तुलसीपुरमा भने यस विषयमा समस्या लिएर स्थानीयवासी नआएको कार्यालय प्रमुख गणेशमान विश्वकर्माले बताए । म आएदेखि अहिलेसम्म कार्यालयमा कसैले पनि समस्या लिएर आएका छैन, उनले भने, यस विषयमा स्थानीय सरकारले चासो दिनुपर्छ, त्यहाँका स्थानीयवासी पनि एकापसमा मिलेर आएमा सहज हुने देखिन्छ ।

# डा.डि आर उपाध्यायले चैतसम्ममा १०३ विश्व कीर्तिमानी राख्ने

**काठमाडौं/मस**–विश्व कीर्तिमानी डा. डि आर उपाध्यायले एक पत्रकार सम्मेलन गरी उनका अनौठो कीर्तिमानीका लागि पत्रकारहरूमाझ क्विज प्रतियोगिता गरेका छन् ।




उनले लेखेका गीतहरुको प्रश्न तयार गरी पत्रकारहरूमाझ क्विज प्रतियोगिता गरी १० जना पत्रकारहरूलाई पुरस्कृत गरिएको छ । प्रतियोगितापछि उनले आधा घण्टामा आफूले लेखेका १०२ वटा गीतहरूको ब्रिफिङ गरेका थिए ।

कार्यक्रममा बोल्दै अतिथि सन्तोष श्रेष्ठले हरेक सानो भन्दा सानो कुराले मानिसहरुलाई खुसी राख्ने बताउँदै हामीलाई सरल लागेको कुराले नै विश्व कीर्तिमानी राखेको र उनले राखेको यो कीर्तिमानी उनको मात्र नभएर सारा नेपालीहरूको भएको बताए । डा.उपाध्यायले योसँगै १०३ वटा विश्व कीर्तिमानी यही चैत महिनाको तेस्रो शनिबार सार्वजनिक गर्ने कार्यक्रम रहेको छ ।

## जंगलमा आगो निभाउँदा एकको मृत्यु, एक गम्भीर घाइते

**गलेश्वर/मस**–पश्चिम म्याग्दीको मालिका गाउँपालिका-५ मा पर्ने भिरखर्क सामुदायिक वनमा लागेको आगो निभाउने क्रममा एक जनाको मृत्यु भएको छ ।

आगो निभाउने क्रममा मंगलबार दिउँसो ३ बजे २६ वर्षीय मनबहादुर बोहराको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ । सोही आगलागीमा परी मृतक बोहराका भाइ २१ वर्षीय बोहरा घाइते हुनुभएको छ । सोमबर रातिदेखि लागेको आगो नियन्त्रणमा आउन सकेको छैन । जङ्गलमा लागेको आगो बस्तीमा आउन थालेपछि आगो निभाउने क्रममा मनबहादुरको जलेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी निरीक्षक तथा सूचना अधिकारी वीरेन्द्रराज गुरुङले जानकारी दिए ।

उनका अनुसार मृतक मनबहादुरका भाइको स्वास्थ्य अवस्था पनि गम्भीर रहेको छ । इलाका प्रहरी कार्यालय दरबाङबाट खटिएको प्रहरी टोली, स्थानीयवासी, युवा क्लब, लायन्स क्लब, रेडक्रसकर्मीको सहयोगमा उद्धार गरी घाइते बोहोरालाई प्राथमिक स्वास्थ्य केन्द्र दरबाङमा ल्याइएको छ । प्राथमिक स्वास्थ्य केन्द्रमा सामान्य उपचारपछि घाइतेलाई थप उपचारको लागि हेलिकप्टरमार्फत काठमाडौं लगिएको लायन्स क्लब अफ म्याग्दी दरबाङका अध्यक्ष अमृत सापकोटाले जानकारी दिए । दरबाङ बजारवासी, लायन्स क्लब, दरबाङ विपद् व्यवस्थापन समिति, जनप्रतिनिधिपद्, संघ संस्था र स्थानीयवासीको सहयोगमा प्रभु हेलिकप्टरमार्फत काठमाडौं लगिएको छ ।

**काठ लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७८/११/२५**

कञ्चनपुर जिल्ला भिमदत्तनगरपलिका-९ मा ब्रम्हदेवमा रहेको श्री सिद्धनाथ सा.व.उ.स. को वन क्षेत्रमा आ.व. २०७७/०७८ मा उत्पादन भई सा.व.स. को घाटगद्धीमा रहेको खयर काठ गोलिया थान २८७ को परिमाण १५४८.१७ क्युफिट काठ जुन अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानेगरि सिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक ब्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिदगरि २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीका लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स.को सूचना पाटीमा टाँस गरिएको छ ।

**थप जानकारीका लागि सम्पर्क नं. ९८४८७८१९२७**

# द्रुतमार्गको गुणस्तर र समयसीमाको हेक्का राख्न निर्देशन

**काठमाडौं/मस**–प्रधानसेनापति प्रभुराम शर्मा र रक्षा सचिव किरणराज शर्माले निर्माणाधीन काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको स्थलगत निरीक्षण गरेका छन् । उनीहरूले मख्खुवेशी, सिस्नेरी, महादेवटार, लेनडाँडा र बुदुने रानीसेरास्थित शिविर र सडकखण्डको कार्य प्रगतिबारे स्थलगत जानकारी लिएका हुन् ।

मुलुकको राष्ट्रिय गौरवका आयोजनामध्ये सबैभन्दा उच्च प्राथमिकतामा रहेको उक्त आयोजना नेपाली सेनाको व्यवस्थापनमा अघि बढिरहेको छ । निर्माणाधीन महादेवटार सुरुङ खण्ड (प्याकेज एक) र लेनडाँडा-धेद्रे सुरुङ खण्ड (प्याकेज २) ठेक्का सम्झौताअनुरूप अधिकतम जनशक्ति र आवश्यक मेशिनरी उपकरणको परिचालन गर्दै गुणस्तर कायम गरी समयसीमाभित्र कार्य जिम्मेवारी



पूरा गर्न उनीहरूले ठेकेदार, परामर्शदाता र परियोजना पदाधिकारीलाई निर्देशन दिएका सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

प्रधान सेनापति शर्मा र सचिव शर्माले परियोजना गुणस्तर निरन्तर अनुगमन र नियमन गर्न आयोजना प्रमुख तथा अन्तर्राष्ट्रिय परामर्शदातालाई समेत विशेष निर्देशन दिए । सो अवसरमा प्रधानसेनापति शर्माले द्रुतमार्ग आसपासमा बस्ने प्रत्यक्ष/अप्रत्यक्षरूपमा प्रभावित स्थानीय समुदायलाई परियोजनाबाट समुदायलाई हुने लाभबारे विस्तृतरूपमा जानकारीसमेत गराए । आयोजनालाई समुदायसमेतको सामूहिक सहभागिता/स्वामित्वमा सञ्चालन गर्न आवश्यक पहल गर्नसमेत सम्बन्धित पदाधिकारी, परामर्शदाता, ठेकेदार एवं तैनाथी भएका प्राविधिक फौजको ध्यानाकर्षण गराइएको थियो ।

आर्थिक वर्ष २०७४/७५ मा सुरु भएको द्रुतमार्ग आयोजना विसं २०८१ को पुससम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । ललितपुरको खोकनाबाट सुरु भई काठमाडौं, मकवानपुर हुँदै बाराको निजगढमा पुगेर पूर्व-पश्चिम राजमार्गमा जोडिने यस द्रुतमार्गको लम्बाइ ७२.५ किमी दूरीको छ । महादेवडाँडा, धेद्रे र लेनडाँडामा करिब ६.३१ किमी दोहोरो सुरुङ रहने द्रुतमार्गमा ठूला र साना गरी ८७ वटा पुल रहनेछन् । ती पुलको लम्बाइ १०.५९ किमी र सोबाहेक सडकखण्ड ५५.५ किमी रहनेछ । आयोजनाको कूल लागत रु एक खर्ब ७५ अर्ब १९ करोड ३५ लाख ७९ हजार अनुमान गरिएको छ । पछिल्लो जानकारीअनुसार, हालसम्म आयोजनाको वित्तीय प्रगति १५ प्रतिशत र भौतिक प्रगति १६ प्रतिशतको हाराहारीमा छ । आयोजनाका लागि हालसम्म करिब रु २६ अर्ब खर्च भइसकेको छ । परियोजनाको योजना तर्जुमा, सार्वजनिक खरिद प्रक्रिया, निर्माण, अनुगमन एवं परीक्षण, विद्यमान आर्थिक ऐन, नियमको परिधिभित्र रही प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता एवं अभ्यासलाई समेत आधार लिई कार्यसम्पादन गर्न सम्बद्ध सबैलाई उनीहरूले निर्देशन दिए ।

आयोजनाको लागि थप जग्गा प्राप्तिको निमित्त सप्लिमेन्टरी इआएका सम्बन्धमा परेको समस्या तथा चुनौतीबारे प्रधानसेनापति शर्माले आयोजनाका पदाधिकारीसँग छलफल गरी यथाशीघ्र आवश्यक प्रक्रिया पूरा गर्न निर्देशन दिए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मिति २०७८/११/२५**

यस कार्यालयमा **मिति २०६२/०५/२२** मा दर्ता भएको प्रा.लि. **नं. ३६१९२** को **हिमचुली लोक्ता तथा जडिबुटी उद्योग प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/११/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## रात्रिकालिन यात्रुको सहजताका लागि नयाँ बसपार्कभित्र होटल तथा लज


**काठमाडौं/मस**–मुलुकको एकमात्र राष्ट्रिय बसपार्कको रुपमा रहेको गोँगबुस्थित नयाँ बसपार्कमा रात्रिकालिन चालक, सहचालक र यात्रुको सहजताका लागि होटल तथा लज सञ्चालनमा आएको छ ।

नयाँ बसपार्क सञ्चालन गरेको लोत्से बहुउद्देश्यीय प्रालिले रातिको समयमा काठमाडौं आएका चालक, सहचालक र यात्रुलाई सहुलियत दरमा खान तथा बस्नका लागि होटल तथा लज सञ्चालनमा ल्याएको हो ।

लोत्सेले यातायात व्यवसायीको सल्लाहमा लामो दूरीबाट आएका चालक, सहचालक र यात्रुलाई रातको समयमा खान तथा बस्नका लागि विचल्ली नहोस् भन्ने उदेश्यले होटल तथा लज सञ्चालनमा ल्याएको प्रालिका अध्यक्ष इञ्जिनीयर दीपक कुँवरले जानकारी दिए ।

उनले भने, 'लामो दूरीबाट आएका चालक, सहचालक तथा यात्रुलाई सहुलियत दरमा स्वास्थ्य खाना खुवाउने र सुताउन मिल्ने लक्ष्यसहित होटल तथा लज सञ्चालनमा ल्याएका हौं ।'

होटल सञ्चालनमा आए पनि लज भने वैशाखपछि मात्र सञ्चालनमा आउने अध्यक्ष कुँवरको भनाइ छ । होटलमा एकपटकमा २०० जनाले खाना खान मिल्ने गरी व्यवस्था गरेको लोत्सेले लजमा भने प्रत्येक दिन १०० जनासम्म सुत्न मिल्नेगरी व्यवस्था गरेको छ ।



अध्यक्ष कुँवरले चालक, सहचालक र यात्रुको सुविधाका लागि क्रमशः अन्य सेवासमेत विस्तार गर्दै लैजाने बताए । लोत्सेले पर्यटक बससमेत नयाँ बसपार्कभित्रबाट सञ्चालन गर्नेगरी तयारी गरिरहेको छ । 'पर्यटक बस नयाँ बसपार्कबाट व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि पर्यटक बस व्यवसायीसँग छलफल भइरहेको छ', उनले भने । काठमाडौं महानगरपालिका-२६ गोँगबुमा १६१ रोपनी क्षेत्रफलमा सञ्चालित उक्त बसपार्कबाट हाल देशभरका ६५ भन्दा बढी जिल्लामा यात्रु सार्वजनिक यातायातमार्फत आवतजावत गर्दै आएका छन् । नयाँ बसपार्कबाट पश्चिमको हुम्लाबाहेक सबै जिल्लामा बस आवतजावत गर्दै आएको छ भने पूर्वमा सिन्धुपाल्चोक, रामेछाप, दोलखालगायतको जिल्लामा सवारीसाधन जाँदैनन् ।

काठमाडौं महानगरपालिकाको स्वामित्वमा रहेको उक्त जग्गा विसं २०५६ मा महानगरपालिकाका तत्कालीन प्रमुख केशव स्थापित र ल्होत्से बहुउद्देश्यीय प्रालिका तत्कालिन अध्यक्ष गेहेन्द्रबहादुर कार्कीबीच 'सार्वजनिक-निजी साझेदारी'अन्तर्गत सम्झौता गरेर नयाँबसपार्क सञ्चालनमा आएको हो । प्रविधिमैत्री टिकट बुकिङ काउण्टर स्थापना गरेर यात्रुलाई सेवा प्रदान गर्दै आएको लोत्सेले बस टिकट खरिद तथा बुकिङका लागि क्यू आर कोर्डमार्फत भुक्तानी हुने व्यवस्था समेत मिलाएको छ । नयाँ बसपार्कमा हाल एक हजार ५०० को हाराहारीमा सार्वजनिक सवारी साधन पार्किङ गर्न मिल्छ भने दैनिक एक हजारको हाराहारीमा सार्वजनिक यातायात देशका विभिन्न जिल्लामा ओहोरदोहोर गर्दै आएका छन् ।

**प्रमाणपत्रहरु हराएको सूचना**

मिति २०७८/१०/२५ गते का.म.न.पा., वडा नं. १८, ताम्सीपाखा देखि साँझ ७ बजे, आफ्नै कोठाबाट नागरिकताको प्रमाणपत्र (६७१००६/४४६४), एसएलसीको प्रमाणपत्र (०६९०९०० बी), प्लस टुको प्रमाणपत्र (९६१३५३), स्नातकको प्रमाणपत्र (८२५०००४), स्नाकोत्तरको प्रमाणपत्र (४००३२१), त्रिवि रजिष्ट्रेशन कार्ड (९-२-८२५-९५-२०११) हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध गर्दछु ।

**नामः धनबहादुर बुढा**
**ठेगानाः कैलाली घोडाघोडी न.पा. वडा नं.१०**
**सर्म्पक नं.: ९८४८४१५८३५**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७८/११/२५**

**टिफिन ब्रेक क्याफे प्रा.लि.** को मिति २०७८/०६/१२ गते बसेको एकल सेयरधनीको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **भेगन भान्छा फुड्स प्रा.लि. (प्रा.लि.नं.: १८१०३५)**, कायम गर्ने गरी मिति २०७८/०६/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Invitation for Bids**

**Bagmati Rural Municipality**

**Office of Rural Municipal Executive**

**Bhattedada, Bagmati Gaupalika Lalitpur**

**Majhkhanda water supply project, Bagmati Rural Municipality-5**

**Date of publication: 08-03-2022 (Second time notice publication)**

1. Bagmati Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for Majhkhanda water supply project (IFB No: BAGL/NCB/WORKS/078/079-08) under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Bagmati Rural Municipality, Bhattedada, Lalitpur, Bagmati Province, Bagmati Gaupalika, Nepal or may visit PPMO website www. bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office Bagmati Rural Municipality, Bhattedada, Lalitpur, Bagmati Province, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as given in the table during office hours till deadline. OR
   Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Kumari Bank Ltd.,
   Name of the Office : Bagmati Rural Municipality
   Office Account no : 0790034694200007, Rajaswa (revenue) Shirshak no : ga-3
4. Pre-bid meeting shall be held at the date and time given in the bid document.
5. Sealed or electronic bids must be submitted to the office Bagmati Rural Municipality, Bhattedada, Lalitpur, Bagmati Province, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 08-04-2022 12:00. Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 08-04-2022 14:00 at the office of Bagmati Rural Municipality, Bhattedada, Lalitpur. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, equal to the amount as given in the table above,which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the bid-security in Bank:**
   Name of the Bank : Kumari Bank Ltd.
   Name of Office : Bagmati Rural Municipality Bhattedanda, Lalitpur
   Dharauti Khata Number : 0790034694200004 (ga-3)
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# लमजुङमा घरेलु हिंसा बढ्दै

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, २४ फागुन

लमजुङमा घरेलु हिंसा न्यूनीकरणका लागि स्थानीय सरकारदेखि प्रहरीले विभिन्न माध्यमबाट प्रयास गर्दै आएतापनि यसमा कुनै कमी आउन सकेको देखिँदैन । गरिबी तथा अशिक्षा, चेतनाको कमी र बेरोजगार, मादक पदार्थ सेवन लगायतका कारण जिल्लामा घरेलु हिंसा बढ्दै गएको पाइन्छ ।

चालु आर्थिक वर्ष २०७८/७९ को साउनदेखि फागुन महिनाको २३ गतेसम्म ३३ वटा घरेलु हिंसाका मुद्दा प्रहरीमा दर्ता भएको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी निरीक्षक जनकराज रेग्मीले बताए ।

उनका अनुसार ती उजुरी परेकोमध्ये २६ वटा मिलापत्रमै सीमित भएका छन् । चारवटा अदालती प्रक्रियामा गएको छ भने तीनवटाको काम भइरहेको छ ।

त्यस्तै, गत आर्थिक वर्ष २०७७/७८ मा ९२ वटा घरेलु



हिंसासम्बन्धी उजुरी परेको जिल्ला प्रहरी कार्यालय लमजुङले जनाएको छ । प्रहरीका अनुसार ६० वटा मुद्दा मिलापत्र भएको थियो भने २३ वटाको अदालती प्रक्रिया र आठवटाको काम भइरहेको छ ।

आर्थिक वर्ष २०७६/७७ मा कार्यालयमा घरेलु हिंसासम्बन्धी ६१ वटा उजुरी परेका थिए । यसमध्ये ४५ मिलापत्र, ६ अदालती प्रक्रियामा गएको र १० वटाको काम भइरहेको प्रहरीले जनाएको छ। त्यस्तै, आर्थिक वर्ष २०७५/७६ मा घरेलु हिंसासम्बन्धी १२ वटा निवेदन परेको थियो ।

सो निवेदनमध्ये नौ मिलापत्र भएको र तीनवटाको काम भइरहेको छ । त्यस्तै, आर्थिक वर्ष २०७४/७५ मा ७९ वटा उजुरी परेको थियो । तीमध्ये ४५ वटा मिलापत्र भइसकेको छ । १२ वटा अदालती प्रक्रियामा गएको र २२ वटाको काम भइरहेको बताइएको छ । त्यस्तै, यस चालु आवको साउनदेखि हालसम्म प्रहरी कार्यालयमा १५ वटा ठाडो उजुरी परेको छ । तीमध्ये १३ वटा मिलापत्र भएको, दुईवटाको काम भइरहेको छ । त्यस्तै, गत आर्थिक वर्ष २०७७/७८ मा २९ वटा ठाडो उजुरी प्रहरीमा परेको प्रहरी निरीक्षक रेग्मीको भनाइ छ । उनले भने, 'ती उजुरीमध्ये २१ वटा उजुरी मिलापत्र गरेको, दुईवटा अदालती प्रक्रियामा गएको र ६ वटाको काम भइरहेको छ ।'

आव २०७६/७७ मा कार्यालयमा १८ वटा ठाडो उजुरी परेकामा ११ मिलापत्र भएको, एक अदालती प्रक्रियामा गएको र ६ वटाको काम भइरहेको छ । २०७५/७६ मा सबैभन्दा धेरै १२६ वटा ठाडो उजुरीका निवेदन परेकामा ९१ मिलापत्र, २३ अदालती प्रक्रियामा र १२ वटाको काम भइरहेको प्रहरीले जनाएको छ ।

जिल्लामा घरेलु हिंसा न्यूनीकरण गर्न विभिन्न सचेतना कार्यक्रम, नाटक, पोष्टर वितरण लगायतका क्रियाकलाप गर्दै आए तापनि घरेलु हिंसामा कमी आउन नसकेको प्रहरी निरीक्षक रेग्मीले बताए ।

# अस्पताल निमार्ण कार्य द्रुतगतिमा

**बागमती/मस–**मकवानपुरका पाँच स्थानीय तहमा अस्पताल निर्माण कार्य द्रुतगतिमा अगाडि बढेको छ ।

यसका लागि चार वटा स्थानीय तहमा जग्गा छनोट तथा बोलपत्र भई अस्पताल भवन निर्माण भइरहेको छ, भने एक स्थानीय तहको जग्गा छनोट प्रक्रिया अगाडि बढेको छ ।

गत वर्ष मङ्सिर १५ गते देशभरिका ३९६ स्थानीय तहमा एकै दिन शिलान्यास गरिएको अस्पताल निर्माण कार्यअन्तर्गत मकवानपुरका पाँच स्थानीय तहमा पनि यसको निर्माण कार्य सुरु भएको बताइएको छ। इन्द्रसरोवर गाउँपालिकाबाहेक थाहानगरपालिका, राक्सिरागङ गाउँपालिका, मनहरि गाउँपालिका तथा कैलाश गाउँपालिकाले अस्पताल निर्माण कार्यलाई तीव्रता दिएको बताइएको छ।

थाहा नगरपालिकामा रु १२ करोड ५६ लाखको लागतमा थाहानगरको वडा नं ४ मा १५ शय्याको अस्पताल निर्माण भइरहेको छ । नगरप्रमुख लवशेर विष्टले जग्गा खोजी र डिपिआर बनाउनका लागि समय खर्च भएपनि विसं २०८० को वैशाख महिनासम्ममा अस्पताल निर्माण भइसक्ने बताए ।

मनहरि गाउँपालिका-७ मनहरि बजारमा जीर्ण अस्पताल रहेको र त्यसलाई भत्काएर सोही स्थानमा रु १० करोड १५ लाखको लागतमा १५ शय्याको अस्पताल निमार्ण कार्य सुरु भएको छ । अस्पतालको जीर्ण भवन भत्काएपछि अस्थायी भवन निमार्णमा पनि समय लागेको थियो । अहिले नयाँ अस्पताल भवन निर्माण कार्य सुरु भएको सो गाउँपालिकाले जनाएको छ ।

त्यसैगरी राक्सिरागङ गाउँपालिका-५ स्थित ठाडेभिरमा अस्पताल निर्माण कार्य गरिरहेको सो गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए । जिल्लाको विकट क्षेत्रको रुपमा रहेको सो गाउँपालिकाले ६ करोडको लागतमा १० शय्याको अस्पताल भवनको निर्माण कार्य अगाडि बढाएको बताउँदै उनले आगामी दुई वर्षभित्रमा त्यसको निमार्ण कार्य सम्पन्न हुने जानकारी दिए । यसैगरी जिल्लाको विकट क्षेत्र रहेको कैलाश गाउँपालिकाले पनि रु पाँच करोड ९२ लाखको ठेक्का सम्झौता गरी १० शय्याको अस्पताल भवन निर्माण कार्य सुरु गरेको जनाएको छ। कैलाश गाउँपालिका-३ कालिटारमा निमार्ण भइरहेको सो अस्पतालका लागि गत जेठमा ठेक्का सम्झौता गरी गत असोजबाट अस्पताल भवन निर्माण कार्य भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवराज चौलागाईंले बताए । यता इन्द्रसरोवर गाउँपालिकाले जग्गा अभावका कारण अहिलेसम्म अस्पताल भवनको निर्माण प्रक्रिया सुरु गर्न सकेको छैन ।

इन्द्रसरोवर गाउँपालिका-२ कुलेखानी ड्याम नजिक नेपाल विद्युत् प्राधिकरणको ७ रोपनी जग्गा उपयुक्त देखिए पनि गाउँपालिकाको स्वामित्वमा ल्याउने प्रक्रिया शुरु गरिएको छ। तर प्राधिकरणको ढिलाइले अस्पताल निर्माणमा समस्या आएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बलराम लम्सालले बताए ।

**साउदीमा रोजगार** | कम्पनी : HAYA MOHAMMED BIN AISH AL-BAQMI FOUNDATION FOR THE SALE OF ICE CREAM, शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/११/२३ चलानी नं.: ६०१७५७२७ L.T. No.: 259126

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ५८,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ चैत २ गते (16 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ८६२/०६६/०६७

**माउण्ट कञ्चन इन्टरनेशनल प्रा. लि.**
पि.ओ.बक्स: ८९७५, इ.पि.सि. ८१३, पिङ्गलास्थान-९,गौशाला
फोन: ४४८१०४१, ४४९९०९४, फ्याक्स: ४४८०७४५
Email: info@mountkanchan.com.np | Website: mountkanchan.com

# डोल्पा केन्द्रीय प्रसारण लाइन विस्तार गरिँदै


**जाजरकोट/मस–**डोल्पा पनि अब केन्द्रीय प्रसारण लाइनमा जोडिने भएको छ ।

विद्युतीकरण नभएका कर्णालीको डोल्पामा केन्द्रीय प्रसारण लाइनको विस्तार कार्य द्रुतगतिले अगाडि बढेको हो ।

चालु आर्थिक वर्षको असार महिनाभित्र डोल्पामा केन्द्रीय प्रसारण लाइन पुऱ्याउने लक्ष्य लिएको बताइएको छ ।

प्रसारण लाइन विस्तार गर्ने जिम्मेवारी लिएको सताग्री निर्माण सेवाले विगत ३ वर्षसम्म काम नगरेपछि विद्युत् प्रसारण लाइनको काम रोकिएको थियो । निर्माण व्यवसायीलाई छिटो काम गर्न अन्तिम अल्टिमेटम दिएको र काम नगरे विकल्पसमेत खोज्ने तयारी भएपछि डोल्पामा विद्युत् पुग्ने आशा पलाएको हो ।

कर्णाली प्रदेशका जलस्रोत तथा ऊर्जा विकासमन्त्री गणेशप्रसाद सिंहले पटक पटक ताकेता गरेपछि नेपाल विद्युत् प्राधिकरणले असार मसान्तभित्र



जसरी पनि डोल्पामा विद्युत् पुऱ्याउने योजनाका साथ काम भइरहेको प्राधिकरण कर्णाली प्रदेशका प्रमुख शम्भु यादवले बताए । सताग्री निर्माण सेवाले जाजरकोटको कुदु सव स्टेशनदेखि चौखा हुँदै डोल्पाको त्रिपुराकोटसम्म प्रसारण लाइन निर्माणको ठेक्का लिएको छ । जिम्मेवारी लिए पनि कुनै पनि ठाउँमा काम नगर्दा समस्य हुँदै आएको हो । डोल्पामा विद्युतीकरण गर्नका लागि चौखामा सवस्टेशन निर्माण कार्य जारी छ । हप्ता दिनभित्र डोल्पाको त्रिपुराकोटमा सव स्टेशन निर्माण गर्नका लागि बोलपत्र खोल्न थालेको प्रमुख यादवले बताए । असार मसान्तभित्र डोल्पा र मुगुमा बत्ती बाल्ने काम पूरा गरेरै छाड्ने उनँले बताए । निर्माण व्यवसायीले काम नगरे प्राधिकरणले आफ्नै स्रोतबाट काम गरेर भए पनि डोल्पासम्म केन्द्रीय प्रसारण लाइनमा पुऱ्याउने लक्ष्य लिएको उहाँको भनाइ छ ।

स्थानीय जैरीगाड खोलाबाट उत्पादन गरिएको विद्युत्ले डोल्पाको सदरमुकाम दुनै लगायत विभिन्न ठाउँमा काम गदै आएकोमा पटक-पटक खराबी हुँदा स्थानीयवासी सास्ती भोग्दै आएको छ । सो समस्या समाधानका लागि मन्त्री गणेशप्रसाद सिंहको निर्देशनमा हप्ता दिनभित्र डोल्पाको सदरमुकाम दुनैलगायत आसपासका क्षेत्रमा विद्युत् सेवा सूचारु हुने भएको छ ।

जैरीगाड विद्यत् उत्पादन गर्नका लागि खराबी भएको मेसिन बोलपत्र आह्वान गरेर खरिद गरेपछि हप्ता दिनभित्र डोल्पामा विद्युत् सेवा सुचारु हुने भएको हो । जैरीगाडमा एउटा मात्र मेसिनद्धार विद्युत् उत्पादन हुँदै आएकोमा अब एउटा थपेर दुई वटा मेसिनबाट विद्युत् उत्पादनको काम सुरु गर्न लागिएको मन्त्री सिंहले जानकारी दिए ।

महाराजगंज नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
महाराजगंज, कपिलवस्तू
लूम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्न आशय सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७८।११।२५

यस कार्यालयको तपशिल बमोजिम मिति २०७८।०८।०२ बिधुतीय मध्यमबाट निर्माण कार्य लागी राष्ट्रीय दैनिक पत्रिकामा सार्वजनिक सूचना मार्फत बोलपत्र आव्हान गरिएकोमा रित पूर्वक दर्ता हून आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्रदाताहरुले प्रबिधिक बोलपत्र पेश गरेका प्रबिधिक बोलपत्र मूल्यांकिंत तथा सारभूत रुपमा प्रभावकारी रहेका भनि बोलपत्र मूल्याकंन समितिबाट सिफरिस भै आएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धितहरुको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्न ७(सात) दिने आशय सम्बन्धी सुचना प्रकाशित गरिएको छ ।

तपसिल

ठेक्का नं. 08/KPL/MM/BDG/WORKS/2078-79 (योजना) Construction Of Primary Hospital (15 Bed)

| सि.नं. | बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|
| १ | Gauri Parbhati - Kasthmandap JV |
| २ | Babul- Pratistha JV, Siddharthanagar |
| ३ | Kumar- Royal Joint Venture |
| ४ | Rautaha- Om Buddha -Anshubi JV |
| ५ | Mahadev Khimti-Prakritik Joint Venture |
| ६ | BKOI/Nawa Sirjanshil J/V |

## दिदीबहिनी कोसेली घर सञ्चालन



**परासी/मस–**स्वदेशी उत्पादनको प्रवर्द्धन र प्रोत्साहन गर्न नवलपरासी(बर्दघाट सुस्ता पश्चिम)को सदरमुकाम परासीमा कोसेली घर सञ्चालनमा आएको छ । स्थानीय घरेलु तथा साना उद्यमीले उत्पादन गरेका वस्तुको बजारीकरणमा टेवा पुऱ्याउने उद्देश्यले स्वदेशी उत्पादनको बिक्री केन्द्र(कोसेली घर) सञ्चालन गरिएको हो ।

घरेलु तथा साना उद्योग कार्यालय परासी र नेपाल घरेलु तथा साना उद्योग महासंघद्वारा प्रवर्द्धन गरी सञ्चालनमा ल्याइएको 'दिदीबहिनी कोसेली घर'मा जिल्लाभित्रका घरेलु तथा साना उद्यमीले स्थानीय कच्चा पदार्थको प्रयोग गरी उत्पादन गरेका सामग्रीदेखि हस्तकला, घरेलु उत्पादित विभिन्न खाद्य सामग्री पाइने कोसेली घरकी सञ्चालक यमकुमारी सुवेदीले बताइन् ।

कोसेली घरमा विशेषगरी महिला उद्यमीका उत्पादन र स्वदेशमै उत्पादन भएका वस्तुलाई प्राथमिकता दिएर प्रदर्शनी तथा बिक्रीका लागि राखिएको छ । यसबाट विशेषगरी महिला उद्यमीलाई प्रोत्साहन हुनेछ। परासीको लोकतान्त्रिक चोकमा सञ्चालनमा आएको दिदीबहिनी कोसेली घरको आज जिल्ला समन्वय समितिका प्रमुख शिवशंकरप्रसाद राय, नेपाल घरेलु तथा साना उद्योग महासंघ लुम्बिनी प्रदेश अध्यक्ष नेत्रप्रसाद पाठक र घरेलु तथा साना उद्योग कार्यालय परासीका प्रमुख गंगाधर पाण्डेले उद्घाटन गरेका हुन् ।

कार्यालयले लघु घरेलु उद्यमीलाई प्रवर्द्धन गर्दै जिल्लामा थप तीन कोसेली घर सञ्चालनको तयारीमा रहेको छ । कोसेली घर सञ्चालन, व्यवस्थापन तथा घरभाडामा कार्यालयले आर्थिक सहयोग गरेको छ ।

कृषि ज्ञान केन्द्र परासीका प्रमुख शिव अर्यालले स्थानीयस्तरमा उत्पादन भएका वस्तुको बजारीकरणको समस्या यो कोसेली घरको माध्यमबाट केही हदसम्म समाधान हुने विश्वास व्यक्त गर्नुभयो ।

घरेलु तथा साना उद्योग महासंघका जिल्ला अध्यक्ष मेघराज गौतमले कोसेली घरमा उद्यमीलाई उद्योग दर्ता, नवीकरण, प्रस्तावना लेखनलगायतका विषयमा सहजीकरण गर्ने व्यवस्था पनि गरिएको बताए ।

**Aathabis Municipality**
**Office of the Municipal Executive**
Rakamkarnali , Dailekh

## Invitation for Bid

**First Date of Publication: - 2078/11/25 BS, 2022/03/09 AD**

1. *Aathabis Municipality Rakamkarnali, Dailekh* invites sealedbids ( NCB) from eligible Nepalese bidders for the following works.

| Contract No/ Bid No | Description of Works | Estimated amount (With VAT & Contingency) | cost of Bidding Document (NRs) | Bid bond Amount (NRs) | Last date and time of bid Purchase | Last date and time of bid submission | bid opening date and time | Bid validity period | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| AM/NCB/WORKS/ 07-2078/079 | Brihat khanepani rakamkarnali, Aathabis-4, Dailekh | 8,99,939.45 /- | 3,000/- | 1,75,000/- | 2078/12/25 at 12:00 hours | 2078/12/25 at 12:00 hours | 2078/12/25 at 14:00 hours | 90 days | NCB (e-submission is only allowed) |

2. Eligible Bidders may obtain further information at office:Aathabis municipality, office of Municipal Executive, Rakamkarnali, Dailekh or may visit PPMO website:www.bolpatra.gov.np/egp or www.aathabismun.gov.np or 9848214207 (Sher bahadur Sijapati, IT Officer).
3. Bidders have submitted their bid electronically download the bidding documents for e-submission from PPMO's website: www.bolpatra.gov.np/egp. Bidders, submitting their bid should deposited the cost (as specified above) of bidding document in the office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit vauchar shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in bank :
   **Name of bank : Nepal investment bank Ltd.,daba branch, Dailekh**
   **Name of office : Aathabis Municipality, office of Municipal Executive, Rakamkarnali, Dailekh**
   **Office A/c no : 06301400250085**
4. The bid security may either be in the form of a bid security issued by authorized financial institution or cash deposited in Aathabis municipality deposit account Nepal investment bank, Daba branch, Dailekh A/c no:06301400250030.
5. Electronic bids must be submitted to Aathabis Municipality, Rakamkarnali, Dailekh through PPMO website: www.bolpatra.gov.np/egpon or before specified date and time mentioned above. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidder's representatives who choose to attend at specified date and time mentioned above at Aathabis Municipality, Rakamkarnali, Dailekh. Bids must be valid for a period of (90 days) after bid opening and must be accompanied by a bid security amount shall be valid (minimum 120 days for NCB) for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall as considered as the last date, In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission .
8. The bids are open for e-submission and the website is www.bolpatra.gov.np/egp.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatever.
10. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 (including amendment) and other prevailing rules and regulations of Nepal.

**Aathabis Municipality**
**Rakamkarnali, Dailekh**

## नामको विवाद
# पहिचान के को ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ फागुन




प्रदेश नम्बर १ को नामाकरणबारे छलफल जारी छ । राजनीतिक दलहरु प्रदेशको पहिचानका आधारमा नाम राख्ने कि भूगोलका आधारमा भन्ने अडानमा छन् । पहिचान र भूगोल दुबैलाई जोडेर नाम राख्ने प्रस्ताव पनि आएको छ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रदेश नम्बर १ को नाम 'कोशी' राख्न सुझाव दिएपछि पहिचानको आधारमा प्रदेशको नाम राख्नुपर्ने तर्क गर्नेहरु काउण्टर जवाफमा उत्रिएका छन् । अध्यक्ष ओलीलाई प्रदेश नम्बर १ कै मुख्यमन्त्री राजेन्द्र राइले काउण्टर जवाफ दिएका छन् । मुख्यमन्त्री राईले ओलीको सुझाव अस्वीकार गर्दै भनेका छन्, 'प्रदेशको नाम कोशी हुन्न ।'

सोमबार एमाले अध्यक्ष ओलीले झापाको बिर्तामोड पुगेर कोशी नाम राख्न सुझाव दिएका थिए ।

मंगलबार पत्रकारहरुलाई बोलाएर मुख्यमन्त्री राईले पहिचानको आधारमा प्रदेशको नामकरण गर्नुपर्ने बताए । मुख्यमन्त्री राई भन्छन्, 'पहिचानको आधारमा प्रदेशको नाम ' किरात' राख्नु उपयुक्त हुन्छ ।

### ओलीको प्रस्ताव – एमाले सांसदबाटै अस्वीकार

अध्यक्ष ओलीको प्रदेश नम्बर १ को नाम 'कोशी' राख्ने प्रस्ताव एमालेकै प्रदेश सांसदहरुले अस्वीकार गरेका छन् ।

एमाले प्रदेश १ का अध्यक्ष तुलसीप्रसाद न्यौपाने भन्छन्, 'कोशी-किरात'नाम उपयुक्त हुन्छ । कोशी मात्रै हुन्न ।'

तर, उनले अध्यक्ष ओलीको 'कोशी' नाम राख्ने प्रस्तालाई आफ्नै रुपमा ब्याख्या गरे । 'अध्यक्षले कोशी भनेको किरात साथैमा रहने गरी हो' न्यौपानेले थपे ।

### एमाले नै निर्णायक

प्रदेश नम्बर १ मा सत्तागठबन्धनसँग बहुमत छ । तर, प्रदेशको नामाकरणमा एमाले नै निर्णायक हुन्छ । एमालेको समर्थन बिना प्रदेश नम्बर १ ले नाम पाउन सक्दैन् ।

प्रदेश नामाकरणका लागि प्रदेश सभाको दुई तिहाइ बहुमत चाहिन्छ । सत्तारुढ दलसँग बहुमत भएपनि दुई तिहाइ नहुँदा एमाले निर्णायक भएको हो ।

९३ सदस्यीय प्रदेश सभाबाट नाम पारित गर्न दुई तिहाई अर्थात ६२ जना सांसद आवश्यक पर्छ ।

प्रदेश नम्बर १ को प्रदेश सभामा नेकपा एमाले सबैभन्दा ठूलो दल हो । एमालेको ४२, कांग्रेसको २१, नेकपा माओवादी केन्द्रको १५, नेकपा एकीकृत समाजवादीको १०, जनता समाजवादी पार्टी (जसपा)को ३, राप्रपा र संघीय लिम्बुवान लोकतान्त्रिक पार्टीका १/१ जना सांसद छन् ।

प्रदेश सभामा रहेका यी दलहरु प्रदेशको नामाकरण पहिचानका आधारमा गर्ने कि ? भूगोलका आधारमा गर्ने कि, पहिचान र भूगोल दुबै मिलाएर नाम राख्ने भन्नेमा एकमत छैनन् ।

नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा) प्रदेशको नाम पहिचानमा आधारमा राखिनुपर्ने पक्षमा छन् । यी दलहरुले किरात, लिम्बूवान किरात, कोशी किरात लगायत नाम प्रस्ताव गर्दै आएका छन् ।

तर, नेपाली कांग्रेस र नेकपा एमालेभित्रको ठूलो हिस्सा भूगोलका आधारमा नाम राख्नुपर्ने पक्षमा छन् । अध्यक्ष ओलीले नै भूगोलका आधारमा ' कोशी' नाम राख्ने प्रस्ताव गरेपछि प्रदेश नामाकारणको विषय फेरि बहसमा आएको हो । र यसमा नेकपा एमाले सबैभन्दा ठूलो दल भएका कारण निर्णायक छ ।

प्रधानमन्त्री आह्वान :
# महिला अधिकार र सशक्तीकरणका लागि जुटौं



**काठमाडौं/मस–** प्रधानमन्त्री शेरबहादुर देउवाले महिला अधिकार र सशक्तीकरणका लागि सबै एकजुट भएर लाग्नुपर्नेमा जोड दिएका छन् । एक सय बाह्रौं अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले आयोजना गरेको मूल समारोहलाई सम्बोधन गर्दै उनले महिलाविरुद्ध हुने सबैखाले भेद्भाव र हिंसाविरुद्ध अभियानकै रुपमा जुट्न आग्रह गरे ।

प्रधानमन्त्री देउवाले महिला सशक्तीकरण हामी सबैको साझा सरोकारको विषय भएकाले तीनवटै तहका सरकारले आ-आफ्नो क्षेत्रबाट समन्वयात्मक तवरले पहल गर्न आवश्यक रहेको बताए । उनले देशको कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरी महिलाको लैङ्गिक, सामाजिक, आर्थिक र राजनीतिक अधिकार सुनिश्चित गर्न सबै प्रतिबद्ध हुनुपर्नेमा पनि जोड दिए ।

प्रधानमन्त्री देउवाले संविधानले महिलाको हकलाई मौलिकहकको रुपमा स्थापित गरेको तथा राज्यका सबै निकायमा महिलाको समानुपातिक सहभागिता सुनिश्चित भएको बताए । उनले भने, 'नेपालको संविधानले महिलाउपर हुने सबै प्रकारका भेद्भावको अन्त्य गर्दै समानुपातिक, समावेशी एवं समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ ।'

उनले संविधानले महिलाको हकलाई मौलिकहकका रूपमा स्थापित गरी उनीहरलाई लैङ्गिक भेद्भाव बिना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजननसम्बन्धी हक, पैतृक सम्पत्तिलगायत सबै विषयमा समान हकको प्रत्याभूति गरेको बताए । उनले भने, ' महिलाविरुद्ध हुने कुनै पनि किसिमको हिंसाजन्य कार्य र शोषणलाई दण्डनीय बनाएको छ ।'

प्रधानमन्त्री देउवाले महिलालाई सामाजिक, राजनीतिक, सांस्कृतिक र आर्थिक अवसरमा बिना कुनै भेद्भाव समान अवसर उपलब्ध गराउन र लैङ्गिक समानताको बाटोमा अघि बढ्न दिवसले उत्प्रेरित गर्दै आएको उल्लेख गरे । उनले लैङ्गिक समानता र महिला विकासका लागि राज्यका तर्फबाट भएका नीतिगत, कानुनी, संरचनागत एवं प्रक्रियागत सुधारको फलस्वरूप राजनीति र प्रशासनको क्षेत्रमा महिलाको प्रतिनिधित्व र सहभागिता उल्लेखनीय रूपमा वृद्धि भएको बताए ।

कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले महिलाको प्रतिनिधित्व राजनीतिक, आर्थिक एवं सामाजिक क्षेत्रमा क्रमशः वृद्धि भएको तथा मातृ मृत्युदरमा उल्लदेखनीय सुधार, महिलाको कूल साक्षरतादरमा वृद्धि एवं आर्थिक सशक्तीकरणका सूचकमा सकारात्मक परिवर्तन भइरहेको भए पनि समाजमा विद्यमान पितृसतात्मक सोच र व्यवहारलाई निवारण गर्न नसक्नु चुनौतीको विषय भएको उल्लेख गरिन् ।

उनले घरेलु हिंसा, बोक्सीको नाममा हुने ज्यादती, बलात्कार, यौनहिंसा, अमर्यादित महिनावारी, दाइजो प्रथा, बालविवाह, बहुविवाह, मानव बेचबिखन जस्ता स्वरुपमा विद्यमान विकृतिले महिलालाई सम्मान गर्ने हाम्रा मौलिक सभ्यताको उपहास भइरहेको टिप्पणी गरिन् । मन्त्री रेग्मीले घरभित्रै जरो गाडेको महिला हिंसा र असमानतालाई निर्मूल नपारेसम्म देश र समाजको आर्थिक सामाजिक विकास नहुने धारणा राखिन् ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले महिलालाई संविधान र राज्यले अवसर दिएको भन्दै सोही आधारमा महिलाले दक्षता र क्षमताका आधारमा आफ्नो अधिकारको कार्यान्वयनका लागि पहल गरिनुपर्नेमा जोड दिइन् । महिला अधिकारका सवालमा अझैपनि राज्यको नीति र व्यवहारमा चुनौती रहेको भन्दै उनले प्राप्त अधिकारको कार्यान्वयनका साथै प्राप्त भइनसकेका अधिकारका लागि रचनात्मक संघर्ष जरुरी भएको बताइन् ।

सहरी विकासमन्त्री रामकुमारी झाँक्रीले संविधानले महिला हकअधिकारको सुनिश्चितता गरेपनि यसको व्यवहारिक कार्यान्वयन तथा राज्यका हरेक निकायमा महिला सहभागिताको सुनिश्चितता र सामाजिक न्यायसहितको समानताको अधिकारका निम्ति खबरदारी गर्न जरुरी छ भनिन् । उनले समाजमा व्याप्त महिला हिंसा, बलात्कारजन्य घटना आदिको निर्मूल पार्न सबै जुट्नुपर्नेमा जोड दिइन् ।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले महिला राज्यको उपल्लो निकायमा पुग्नु सकारात्मक परिणाम हो भन्दै अझैपनि महिलाको भूमिका र पहुँच प्रभावकारी हुनुपर्ने बताइन् । उनले अझै पनि महिलाको वंश र अंशको अधिकारमा समानता आउन नसकको तथा महिला हिंसा, बलात्कार, बोक्सीको आरोप, दाइजो प्रथा आदि समाजमा जकडिएकाले यसलाई जरैदेखि निर्मूल पार्न सबै जुट्नुपर्ने खाँचो औंल्याइन् ।

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले संवैधानिक रुपमै महिला अधिकारको सुनिश्चितता भए पनि कतिपय कानुन कार्यान्वयन नभएका कारण बालविवाह, जघन्य हिंसा, बलात्कारजन्य घटना बढेकोमा चिन्ता व्यक्त गरे । उनले मानवअधिकार र महिला अधिकारको प्रवर्द्धनका लागि आयोगले विशेष भूमिका निर्वाह गर्ने विश्वास दिलाए ।

राष्ट्रिय योजना आयोगका सदस्य सलोनी प्रधान सिंहले महिलाले लामो सङ्घर्ष पश्चात् राज्यको निर्णायक भूमिकामा पुगेको भन्दै अझैपनि सबै प्रकारका विभेद् र प्रथाको अन्त्यका लागि सङ्घर्षलाई जारी राख्नुपर्नेमा जोड दिइन् । महिला मन्त्रालयका सचिव हरिप्रसाद मैनालीले संविधानले व्यवस्था गरेको मौलिक हकको प्रभावकारी कार्यान्वयनमा राज्यका सबै संरचनाले समन्वयात्मक ढङ्गले काम गर्न जरुरी भएको बताए ।

'सामाजिक न्याय र लैङ्गिक समानता : दिगो विकासको सुनिश्चितता' भन्ने राष्ट्रिय नाराका साथ २०७८ को महिला दिवस मनाइएको हो । नारी मुक्ति आन्दोलनका अभियन्ताको पहलमा सन् १९१० को मार्च ८ मा महिला कामदारमाथि भएको श्रम शोषणविरुद्ध आवाज उठाएको दिनको स्मरण गर्न तथा महिला हक अधिकार स्थापित गर्न संघर्ष सुरु गरेको दिनका रूपमा विश्वभर अन्तर्राष्ट्रिय महिला दिवस मनाउने गरिएको छ ।

# सञ्चारमाध्यममा महिलाको संख्यात्मक एवं गुणात्मक अवस्था सुधार्नुपर्ने

**गण्डकी/मस**–सञ्चारमाध्यममा महिलाको संख्या अझै कमजोर रहेकाले उनीहरूको उपस्थितीका लागि विशेष पहल गर्नुपर्नेमा जोड दिइएको छ । ११२ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा नेपाल पत्रकार महासंघ कास्की शाखाद्वारा मंगलबार आयोजित 'मिडियामा महिला' विषयक अन्तर्क्रियाकामा राज्यको चौथो अंगको रूपमा रहेको मिडिया क्षेत्रमा समेत महिलाप्रति विभेद तथा हिंसा हुने गरेको उनीहरूले बताए । सञ्चारमाध्यममा महिलाको अवस्था गुणात्मक एवं संख्यात्मकरूपमा कमजोर रहनु गम्भीर विषय भएको भन्दै त्यसतर्फ पत्रकारसँग सम्बद्ध संस्थाले पहल गर्नुपर्नेमा उनीहरूको जोड थियो ।



गण्डकी प्रदेश स्वास्थ्यमन्त्री मधुमाया अधिकारीले महिलालाई आर्थिक, राजनीतिक र सामाजिकरूपमा पछि पारिएको बताइन् । संविधानले दिएको अधिकारको कार्यान्वयन गर्नेतर्फ उन्मुख हुनुपर्नेमा उनले जोड दिइन् ।

नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय अध्यक्ष सुरेश आचार्यले राजनीतिक अस्थिरताका कारण महिलासम्बन्धी समाचार सञ्चारमाध्यमले स्थान दिन नसकेको बताए । सञ्चारमाध्यमले ठीक ढंगले महिलाको विषय उठाउनुपर्नेमा उहाँले जोड दिनुभयो । महासंघका अर्का पूर्वअध्यक्ष धर्मेन्द्र झाले महिला विभेद र हिंसाको अन्त्य गर्न महिला र पुरुष दुवै लाग्नुपर्नेमा जोड दिए ।

राष्ट्रिय समाचार समिति(रासस)का प्रधानसम्पादक एकराज पाठकले महिला स्वयम् जागरुक बन्नुपर्ने बताउँदै कुनै पनि स्थानमा सहभागितामात्र भन्दा पनि नेतृत्वमा आउने गरी क्षमता विकास गर्नुपर्ने आवश्यकता औंलयाए ।

आचारसंहिता पालनामा जोड

यस्तै मंगलबार पोखरामा क्रियाशील पत्रकारका लागि आचारसंहिता विषयक तालिम प्रदान गरिएको छ । तुलसादेवी हरिहर फाउन्डेसनद्वारा आयोजित तालिममा नेपाल पत्रकार महासंघका पूर्वअध्यक्षद्वय आचार्य र झा तथा राससका प्रधानसम्पादक पाठकले प्रशिक्षण दिए । उनीहरूले प्रत्येक सञ्चारकर्मीले आचारसंहिताको पालना गर्दै पत्रकारले आफूलाई जिम्मेवार तथा विश्वसनीय बनाउन सके समग्र पत्रकारिता क्षेत्रको महिमा र गरिमा अझै बढ्ने विश्वास व्यक्त गरे ।

# क्यासिनोले बुझाए ८७ करोड रोयल्टी

**काठमाडौं/मस**–संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको निर्देशनपछि क्यासिनो सञ्चालन गरेबापत तिर्नुपर्ने रोयल्टी तिर्ने क्रम बढेको छ । आजसम्म सरकारको खातामा क्यासिनो कम्पनीबाट रु ८७ करोड राजस्व सङ्कलन भएको पर्यटन विभागका होटल तथा क्यासिनो हेर्ने अधिकृत खेमराज जोशीले जानकारी दिए ।

उनले भने, 'रोयल्टी नतिर्ने क्यासिनोलाई कारबाही गर्ने निर्देशन भएसँगै नतिरेकाले पनि तिर्न थालेका छन् ।'

मन्त्री आलेले क्यासिनोको रोयल्टी नतिर्नेको लाइसेन्स खारेज हुने चेतावनी दिएसँगै अहिले क्यासिनो सञ्चालकले रोयल्टी तिर्न थालेका पर्यटन विभागले जनाएको छ । पर्यटन विभागका अनुसार हालसम्म कम्तीमा पनि १७ वटा कम्पनीले रोयल्टी तिर्नुपर्ने बक्यौता बुझाएका छन् भने सेन्टर मिडिया प्राली मिनिक्यासिनोले रु छ करोड ५० लाख रोयल्टी बुझाएसँगै सरकारको खातामा कम्तीमा पनि रु ८७ करोड रकम जम्मा भएको हो । अझै उक्त प्रालिले दुई करोड ७० लाख ५० हजार बुझाउन बाँकी रहेको पर्यटन विभागका होटल तथा क्यासिनो हेर्ने अधिकृत जोशीले जानकारी दिए ।

विभागका अनुसार अब सरकारलाई क्यासिनो सञ्चालकले तिर्नुपर्ने बक्यौता रकम जम्मा रकम कम्तीमा पनि ७५ करोड मात्रै रहेको छ । यसैगरी मन्त्री आलेकै निर्देशनमा क्यासिनोको रोयल्टी वर्षौंसम्म पनि नतिर्ने काठमाडौंको दरबारमार्गमा रहेको होटेल याक एण्ड यतीको लाइसेन्स खारेस गरिएपछि अहिले अन्य क्यासिनो सञ्चालकले रकम तिर्न सुरु गरेको विभागको दाबी छ ।

# खप्तड प्रकृतिको अनुपम उपहार हो : मन्त्री आले



**काठमाडौं/मस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले सुदूरपश्चिमको चार जिल्ला बझाङ, बाजुरा, अछाम तथा डोटीको सङ्गमस्थल खप्तड प्रकृतिको अनुपम उपहार भएको बताएका छन् ।

खप्तड पर्यटन विकास समितिद्वारा मंगलबार आयोजित 'खप्तडको पर्यटन विकासका लागि अन्तर्क्रिया' कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री आलेले खप्तडजस्तो प्राकृतिक सुन्दरता भएको ठाउँ अन्त कतै नभएको दाबी गरे । उनले भने, 'हामी स्वीट्जरल्याण्ड, सिङ्गापुर घुम्न गइरहेका छौं तर त्यो नेचुरल होइन, कृतिम हो, हाम्रै देशमा भएका प्रकृतिले दिएका खप्तड, राराजस्ता नेचुरल ठाउँको विकास गरौं, पर्यटक आउने छन् ।'

मन्त्री आलेले रकमान्तर भयो भने खप्तडको विकासका लागि आफूले केही बजेट यसैपालि छुट्ट्याएर अर्थ मन्त्रालयमा पठाएको समेत जानकारी दिए । उनले थप भने, 'आगामी वर्षको बजेटका लागि खप्तडको माष्टरप्लान बनाएर दिएको खण्डमा थप बजेट विनियोजन गर्न सकिने छ ।'

खप्तडसहित देशका विभिन्न क्षेत्रमा रहेका प्रकृतिका अनुपम उपहारको विकास, संरक्षणका लागि आफू लागि परेको उनको भनाइ थियो । आफू संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीका हैसियतले देशमा रहेका सबै पर्यटकीय क्षेत्रको विकासका लागि सधैं अग्रसर रहने वचन दिए । देशको हावा, पानी र सुन्दर क्षेत्र अरु ठाउँमा नभएकाले हामी सबै मिलेर हाम्रा पर्यटकीय क्षेत्रको विकासका लागिपर्नुपर्ने उनको भनाइ थियो । आफू मन्त्री भएर आइसकेपछि रु ८७ करोड क्यासिनोबाट उठाउनुपर्ने सरकारको रोयल्टी उडाएको समेत मन्त्री आलेले दाबी गरे ।

कार्यक्रमका सभापति तथा खप्तड पर्यटन विकास समिति अध्यक्ष हर्कबहादुर सिंहले खप्तडको विकासका लागि आफूहरू सबै निकायसँग सहकार्य गरी अगाडि बढ्न तयार रहेको बताए । उनले भने, 'खप्तड क्षेत्रको विकासका लागि हामी सबै निकायसँग सहकार्य र समन्वयका लागि तयार छौं, खप्तडको मात्रै विकास गर्न सके सुदूरपश्चिम विकासका दृष्टिले कायापलट हुने छ ।' अध्यक्ष सिंहले खप्तडमा आउने पर्यटकले कम्तीमा पनि त्यहाँ दुई तीन दिन बास बस्न सके खप्तडको वास्तविक उपहार चिन्न सकिने बताए ।

# महिला अधिकारको रक्षा गर्न राप्रपा नेपाल प्रतिबद्ध : कमल थापा




**काठमाडौं/मस–** राप्रपा नेपालका अध्यक्ष कमल थापाले महिलाको हकहित र अधिकारको रक्षा गर्न राप्रपा नेपाल प्रतिबद्ध रहेको बताएका छन्। राष्ट्रिय प्रजातान्त्रिक महिला संगठन नेपालको घोषणासभालाई सम्बोधनका क्रममा अध्यक्ष थापाले आफू स्थानीय विकासमन्त्री भएको बेलामा स्थानीय तहका हरेक वडामा एकजना महिला सदस्य अनिवार्य गराएको स्मरण गर्दै अहिले देशका हरेक क्षेत्रमा महिलाको उल्लेख्य उपस्थिति देख्दा गौरवान्वित महसुस भएको बताए ।

अध्यक्ष थापाले सनातन धर्म र संस्कृतिको रक्षा गरेर नै देश विकास सम्भव छ भनेर जनतामाझ आएको पार्टी राप्रपा नेपाललाई सहयोग गर्ने सन्देश लिएर आम जनताको घरघरमा राप्रमसं नेपाल पुग्ने आशा र विश्वास व्यक्त गर्दै संगठनलाई वडा तहसम्म पुऱ्याउन नवगठित केन्द्रीय कार्य समितिलाई उनले निर्देशन दिए ।

धर्मप्रतिको आस्था र विश्वास घट्दै गएका कारण महिला हिंसा, बलात्कार जस्ता अमानवीय कृयाकलापले प्रश्रय पाएको भन्दै अध्यक्ष थापाले यसलाई सच्याएर मुलुकलाई वैदिक सनातन मूल्य र मान्यताको आधारमा हिँडाउन नेपाललाई सर्वधर्म समभाव, पूर्ण धार्मिक स्वतन्त्रता सहितको हिन्दुराष्ट्र कायम गराउनुपर्छ भन्ने राप्रपा नेपालको प्रमुख मान्यता रहेको स्पष्ट पारे ।

राप्रपा नेपालका विभिन्न भातृ संगठनहरु घोषणा गर्ने क्रम चलिरहँदा आज सुनिता कुरुम्वाङको अध्यक्षतामा राष्ट्रिय प्रजातान्त्रिक महिला संगठनको १०१ सदस्यीय केन्द्रीय कार्यसमिति घोषणा भएको हो । नवगठित समितिको उपाध्यक्षमा शैलजा पाण्डे, उर्मिला अधिकारी, विणा शाक्य, धेचिन गुरुङ, विना राणा, मनमिरा श्रेष्ठ, प्रभा के.सी. र अम्बिका खतिवडा, महासचिवमा सुशिला गिरी, प्रवक्तामा सस्मिता सुवेदी, सचिवमा सरला वि.क., करुणा शाही, सकुन्तला माझी तथा सहायक कोषाध्यक्षमा उर्मिला राउत विष्ट रहेका छन् ।

कार्यक्रमा राप्रपा नेपालका उपाध्यक्षद्वय जय कमार खड्का, उद्धव पौडेल, सह महामन्त्री ममता राई, केन्द्रीय सदस्य मिरा महर्जन, राप्रविसं नेपालका अध्यक्ष कमल वम रजवार, राप्रयुसंका प्रवक्ता लक्ष्मण कँडेल, ट्रेड युनियन महासंघ नेपाल (टुकोन) का प्रथम उपाध्यक्ष आनन्द कुमार रिसाललगायतले आ-आफ्नो धारणा राखेका थिए ।

# लोकतन्त्रको रक्षाका लागि कांग्रेसको जित आवश्यक : गृहमन्त्री खाँण

रुपन्देही/मस- गृहमन्त्री बालकृष्ण खाँणले एमसिसी राष्ट्रको हितमा हुँदाहुँदै पनि यसबारे अनेक भ्रम फिँजाइएकाले कार्यकर्ताले यसबारे जनतामाझ प्रष्ट पार्नुपर्ने बताएका छन् । उनले एमसिसीबारे जनतामा फैलाइएको भ्रम चिर्न कार्यकर्तालाई आग्रहसमेत गरेका छन् ।

नेपाल प्रेस युनियन रुपन्देहीले स्थापना गरेको जीपी कोइराला स्मृति पत्रकारिता पुरस्कार वितरण समारोहमा मंगलबार रुपन्देहीको मणिग्राममा गृहमन्त्री खाँणले एमसिसी अनुमोदन गरेकै कारण निर्वाचनमा हुने क्षतिलाई रोक्नका लागि मतदातामाझ प्रष्ट पार्नु जरुरी रहेको बताए ।




उनले भने, 'सरकारमा हुँदा होस् वा प्रतिपक्षमा हुँदा होस्, कांग्रेस एमसिसीको पक्षमा उभिएर संसद्बाट अनुमोदन गर्न सफल भयो ।'

गृहमन्त्री खाँणले सञ्चारकर्मीलाई पनि एमसिसीबारे सत्यतथ्य उजागर गर्न आग्रह गर्दै सरकारमा रहेका दल र तिनका नेताहरुले नै एमसिसीबारे भ्रम फैलाएको बताए ।

उनले संसद्ले अनुमोदन गरेको व्याख्यात्मक घोषणामा एमसिसीमै भएकै कुरा उल्लेख भएको स्पष्ट पारे । गृहमन्त्री खाँणले आगामी निर्वाचन कांग्रेसले नजित्ने हो भने मुलुक अँध्यारो युगतर्फ प्रवेश गर्ने बताउँदै भने, 'लोकतन्त्रको रक्षा र नागरिक तथा प्रेस स्वतन्त्रताका लागि पनि कांग्रेसको जित आवश्यक छ ।'

उनले राजनीतिको मूलधार बाहिर रहेका शक्तिलाई पनि संविधान स्वीकार गरेर मूलधारमा आउन आग्रह गरे । सरकार त्यस्ता शक्तिसँग पनि सहकार्य गर्न तयार रहेको बताउँदै उनले मूलधारमा नआएका शक्तिलाई पनि अहिले राज्यले सुरक्षाको प्रबन्ध गरिरहेको स्पष्ट पारे । उनले नागरिकको अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रता कुनै हालतमा सरकारले निषेध नगर्ने भन्दै सञ्चार क्षेत्रसँग सम्बन्धित कानूनमा कुनै संशोधन आवश्यक भए पनि सरकार त्यसका लागि तयार रहेको बताए ।

कार्यक्रममा नेपाली कांग्रेस लुम्बिनी प्रदेश सभापति अमरसिंह पुनले कांग्रेसको नेतृत्वमा मात्रै लोकतन्त्र र संविधानको रक्षा हुने दाबी गरे । कार्यक्रममा जीपी कोइराला स्मृति पत्रकारिता पुरस्कारबाट पत्रकारद्वय माधव नेपाल र हरिश ढकाललाई पुरस्कृत गरिएको थियो । गृहमन्त्री खाँणले जनही रु २५ हजार र ाशिको पुरस्कार प्रदान गरे ।

त्यस अवसरमा नेपाली कांग्रेस रुपन्देहीका सभापति रामकृष्ण खाँण, नेपाल प्रेस युनियनका पूर्वकेन्द्रीय उपसभापति हरि लम्साल, नेपाल पत्रकार महासङ्घ रुपन्देहीका अध्यक्ष रामराज पोखरेल, प्रेस चौतारी नेपाल रुपन्देहीका अध्यक्ष लक्ष्मण पौडेल, नेपाल प्रेस युनियन रुपन्देहीकी सभापति रेखा भुसाललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

यसअघि मंगलबार नै गृहमन्त्री खाँणले रुपन्देहीको तिलोत्तमा नगरपालिकास्थित मणिग्राममा रहेको शान्ति नमूना माध्यमिक विद्यालयको ६३ औँ वार्षिकोत्सव तथा अभिभावक दिवस मूल कार्यक्रमलाई सम्बोधन गरेका थिए ।

त्यस अवसरमा गृहमन्त्री खाँणले विद्यालयमा निर्माण भएको १२ कोठे तथा छ कोठे दुई वटा भवन र एचएम ल्याबको उद्घाटन गरे । नमूना विद्यालय अनुदान सहयोग र आन्तरिक स्रोतबाट ती भवन निर्माण गरिएको हो । यसैगरी मन्त्री खाँणले १६ कोठे भवनको शिलान्यास र विद्यालयको वार्षिक मुखपत्र 'नानी'को पनि विमोचन गरेका थिए ।

# 'नवलपुरको पहाडी भेगमा विकासको मुल फुट्यो'

**मध्यान्ह संवाददाता**
बुलिङटार, २४ फागुन ।

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल मंगलबार दिनभर नवलपुरको बुलिङटार गाउँपालिका बासिन्दाको गुनासो सुन्न व्यस्त रहे । कालीगण्डकीको किनारमा रहे पनि विकासमा निकै पछि परेको बुलिङटारमा कतिपय गाउँमा अहिले पनि बिजुली पुगेको छैन । खानेपानी र सिँचाइको पनि उस्तै समस्या छ । सदरमुकाम कावासोती पुग्न पनि निकै कष्ट झेल्नुपर्छ ।

मुख्यमन्त्री पोखरेल मंगलबार बुलिङटारका ५ वटा कार्यक्रममा सहभागी भए । बिहान विपी स्मृति भवन शिलान्यास गरेका उनी बुलिङटार गाउँपालिकामा ३ चन्टारमा आयोजित १४ औं राष्ट्रपति रनिङ सिल्ड छनोप्रतियोगिता उद्घाटन, त्रिभुवन माविका संस्थापक दामोदर बस्ताकोटीको शालिक अनावरण, ११२ औं अन्तर्राष्ट्रिय महिला दिवशको संयुक्त कार्यक्रममा सहभागी भए । मुख्यमन्त्रीले बुलिङटार गाउँपालिका वडा नम्बर १ को वडा कार्यालय पनि मंगलबारै उद्घाटन गरेका छन् ।

मुख्यमन्त्री पोखरेलले गण्डकी सरकार नवलपुरको पहाडी भेगको विकासका लागि प्रतिबद्ध रहेको भनाइ राखे । कालीगण्डकी करिडोरको निर्माण धमाधम भइरहेको र अब दक्षिणी भेग जोड्ने सडकको निर्माण पनि सुरु भइसकेको मुख्यमन्त्री पोखरेलले बताए । उनले भने, 'विगतमा के भए छाडिदिनुस्, अब नवलपुरको



पहाडी भेगमा विकासको मुल फुटेको छ, तपाईंहरु ढुक्क हुनुहोस ।'

बिजुली नपुगेका बुलिङटारका गाउँमा विद्युतीकरणका लागि ठेक्का लागिसकेको भन्दै उनले केही महिनामा सबै घरमा केन्द्रीय प्रशारणको बिजुली बल्ने ठोकुवा उनले गरे । कालीगण्डकीको पानी प्रयोग गरेर बुलिङटारको फाँटमा अब छिटै नै सिँचाइ सुविधा पुऱ्याइने उनले बताए ।

बुलिङटार मात्र नभइ नवलपुरको पहाडी भेगको भौतिक पूर्वाधार विकास र शैक्षिक, राजनीतिक एवं सामाजिक क्षेत्रमा दामोदर बस्ताकोटीको योगदान अतुलनीय रहेको भनाइ मुख्यमन्त्रीको थियो ।

अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा उनले नेपालको संविधानले महिला हकका बारेमा धेरै विषय उल्लेख गरे पनि अब ती प्रावधानलाई कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिए ।

कार्यक्रममा नेपाली कांग्रेस गण्डकीका महासचिव विष्णुप्रसाद लामिछाने, कांग्रेस नवलपुरका नवनिर्वाचित सभापति महेन्द्रध्वज जिसी, प्रदेश सभामा नेपाली कांग्रेसका प्रमुख सचेतक ओमकला गौतमले शुभकामना व्यक्त गरे ।

उक्त अवसरमा जिल्ला समन्वय समिति संयोजक चेसराम आलेले प्रसस्त सम्भावना भएर पनि बुलिङटार विकासमा पछि परेको भन्दै मुख्यमन्त्रीको ध्यानाकर्षण गराए । भारतीय दूतावासले निर्माण गरिदिएको भवनको केही रकम ठेकेदारलाई दिन बाँकी रहेको भन्दै यसका लागि पनि छिटै निकास निकाल्न उनले आग्रह गरे र

बुलिङटार गाउँपालिका अध्यक्ष शशिकिरण बस्ताकोटीले गएको बर्खामा बुलिङटार र जरायोटार सिँचाइ आयोजनामा क्षति पुगेको र तुरुन्त मर्मत नगरे बर्खे खेती गर्न सक्ने अवस्था नरहेको भन्दै ध्यानाकर्षण गराए ।बुलिङटार महिला सञ्जालका अध्यक्ष सुनिता विकले मुलुकमा राजनीतिक परिवर्तन भए पनि महिलामाथि हुने हिंसा झनै बढेको गुनासो गरिन् ।

त्रिभुवन माविका प्रधानाध्यापक शम्भु बस्ताकोटीले धेरै चुनौती झेल्दै विद्यालय यो अवस्थामा आएको बताए । मुख्यमन्त्री पोखरेलले मंगलबार न बुलिङटार गाउँपालिकामा विपी स्मृति भवन शिलान्यास गरेका छन् । स्थानीय रुकादेवी गौतम परिवारले प्रदान गरेको ४ आना जग्गामा प्रदेश सरकारको लगानीमा उक्त भवन बन्न लागेको हो ।

# हेलिकप्टरमा गोसाइाकुण्ड जाने बढे

रसुवा/रासस-रसुवाको उच्च भागमा अवस्थित पवित्र तीर्थस्थल गोसाइँकुण्डमा हेलिकप्टरबाट पुग्नेको संख्या बढ्दो छ । जिन्दगीमा एक पटक भए पनि पुग्नैपर्ने ठाउँका रुपमा गोसाइँकुण्डको धार्मिक महत्त्व छ । उकालो बाटो हिँड्दा कठिन हुने भएकाले यात्रा सहजताको लागि पछिल्लो समय अधिकांश यात्रुले गोसाइँकुण्ड जान हेलिकप्टर रोज्न थालेका हुन् ।

स्थानीय होटल व्यवसायी हेलिकप्टरमार्फत गोसाइँकुण्डको दर्शन गर्ने भक्तजनको संख्या बढ्दो बताउँछन् । गोसाइँकुण्ड समुद्र सतहदेखि चार हजार ३८० मिटर उचाइमा अवस्थित छ । हेलिकप्टर अवतरण गरेपछि एकाध बाहेकलाई लेक लाग्ने समस्या नआएको र उक्त समस्या समाधान गर्न अक्सिजनसमेत व्यवस्था मिलाइएको हेलिकप्टर कम्पनीले बताएका छन् ।

गोसाइँकुण्ड पैदल यात्रा गर्दा विशेष गरी लौरिबिनायकदेखि कुण्डसम्म लेक लाग्ने समस्या बढ्छ । आउन जान तीन/चार दिनको समय लाग्ने एवं पैदल तथा हवाईमार्गको खर्च सरदरमा उत्तिकै पर्न जाने भएपछि पछिल्लो पुस्ताका यात्रु हेलिकप्टरतर्फ केन्द्रित हुन थालेका हुन् ।




हेलिकाप्टरले काठमाडौंको एयरपोर्टबाट २६ मिनेटमै गोसाइँकुण्ड पुऱ्याउँछ । दर्शनका लागि आधा घण्टाभन्दा बढी अतिरिक्त समय दिन्छ । बिहानै भगवानको दर्शन गरेर खाना खान घरमै पुग्ने गरेको यात्रुहरू बताउँछन् ।

पैदलमार्गबाट तीर्थ पुग्न नसकेका ज्येष्ठ नागरिकलाई समेत यो सुविधा उपयोगी भएकाले अचेल धेरै ज्येष्ठ नागरिकलाई गोसाइँकुण्ड दर्शन गराइसकिएको सेवा प्रदायक संस्थाले जनाएको छन् । गोसाइँकुण्ड दर्शनका लागि सिम्रिक, अल्टिच्युड, फिष्टेल, डाइनेष्टिक, कैलाश, माउण्टेन, मनाङ, प्रभुसमेतका हेलिकप्टर कम्पनीले सेवा दिइरहेका छन् ।

हवाइमार्गबाट गोसाइँकुण्डको तीर्थ गर्दा बाटोमा देखिने अग्ला सेताम्मे हिमाल, छ्याङछ्याङ झरिरहेका पानीका झर्ना, हरियाली वन, ताल तलैयाले यात्रा मनमोहक बनाउने गरेको हावाइयात्रु काठमाडौं सीतापाइलास्थित जनउद्धार माविका शिक्षक राजु केसीले बताए ।

हेलिकप्टर गोसाइँकुण्डको डिलमा अवतरण गरेपश्चात् भगवान शिवको दर्शन गर्दा आनन्दको अनुभूति प्राप्त हुने र हेलिप्याडको डिलबाटै केही तल अवस्थित सरस्वती एवं भैरव कुण्डसमेत देखिने भएकोले यो यात्रा थप रमाइलो बनेको शिक्षक केसी बताउछन् । तामाको दियोमा गाईको घीउ राखेर बत्ती बाल्ने, कपुरले धूपदीप गर्ने, बसाह र त्रिशूल, जटाभएको नरिवल एवं पहेलो बस्त्र चढाइ जौ, तिल, केसरी, बेलपत्र र फूलले पूजाआजा गर्नेपर्ने चलन रहेको पुजारी टङ्कप्रसाद ढकालले बताए । समुन्द्र मन्थन गर्दा निस्केको कालकुट विष व्यवस्थापन गरेर प्राणी जगतलाई बचाउने देवताका पनि देव भगवान महादेव गोसाइँकुण्डमा शिवजी भएकोले एक पटक भने पनि तीर्थ जानुपर्ने मान्यता रही आएको छ ।

प्रत्येक वर्ष गंगा दशहरा र जनैपूर्णिमा पर्वका अवसरमा लाग्ने विशेष मेला भर्न पैदल मार्गबाट वार्षिक रूपमा २०औं हजार भक्तजन सो क्षेत्र पुग्ने गरे तापनि विगतको कोरोना संक्रमण भएयता हावाइ यात्राको आर्कषण बढेको हो । रसुवा जिल्लाको गोसाइँकुण्ड गाउँपालिका-५ मा अवस्थित पवित्र तीर्थस्थल गोसाइँकुण्ड तीर्थमा डबुल्की मारेपछि शरीरका रोग हट्ने र पूजाआजा गरेपछि मनोकांक्षा पूरा भई नयाँ सोच विचार आउने, घर परिवारमा सुखशान्ति बढ्ने विश्वास छ ।

पुस, माघ तथा फागुन महिनामा भने बढी हिमपात हुने कारण यस क्षेत्रको दृश्य निकै मनमोहक देखन्छ । धार्मिक मान्यताअनुरूप कुण्डमाथि हिँड्दा पुण्य प्राप्त नहुने र अर्को तर्फ जमेको हिउँमाथि हिँड्दा हिँड्दै फुटेर गाडिन सक्ने समेत सम्भावना हुने भएकाले गोसाइँकुण्डको तालमाथि नहिँड्न पुजारीले आग्रह गरे ।

# कालापत्थरबाट घोषणापत्र

काठमाडौं/मस- अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा सगरमाथाको कालापत्थर क्षेत्रबाट जलवायु परिवर्तनका असर बारे विश्वको ध्यानाकर्षण गराउन १० बुँदे घोषणापत्र जारी गरिएको छ । समाजका विभिन्न क्षेत्रका प्रतिष्ठित ४० जना महिलाको समूहले १३ दिने पदयात्रा शुरु गरी कालापत्थर क्षेत्रबाट घोषणापत्र जारी गरेको हो ।

'साथसाथै' संस्थाको आयोजना एवं वन तथा वातावरण मन्त्रालय र विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरुको सहयोगमा कालापत्थरमा विशेष कार्यक्रम गरिएको छ । १३ दिने पदयात्रा सुरु गरी कालापत्थर क्षेत्रमा मंगलबार विशेष कार्यक्रम गरेर घोषणा पत्र समेत जारी गरिएको छ। जारी घोषणा पत्रमा जलवायु परिवर्तन प्रभावित क्षेत्रका महिला र विपन्न समूहको अनुकूलन क्षमता सुधार 'जलवायु न्याय' मुद्दाको वकालत गर्ने, जलवायु परिवर्तनको न्यूनीकरण र अनुकूलनमा महिलाको भूमिका परिभाषित गर्न हरसम्भव प्रयास गर्ने, मानव स्वास्थ्य प्रणालीको दिगो व्यवस्थापनका लागि प्रवर्द्धन गर्न अपिल गर्ने उल्लेख छ । विशेष गरी महिलालाई जागरूकता उत्पन्न गर्न र सक्षम बनाउन कार्यक्रम गरिएको आयोजकको भनाइ छ ।

STAFF WANTED

Ditya International Pvt. Ltd. one of the leading and fair & ethical Recruitment Organization, is announcing the vacancy notice for interested and qualified candidates on the following positions.

Manager : 2 Male/ Female

Documentation : 2 Male/ Female

*Salary: *Negotiable.*
*Note: *Minimum 1 year experience in the related field.*

Interested candidates can call contact on following no.:
9843106311, 9808556464

DITYA INTERNATIONAL PVT. LTD.
Sinamanga-9, Manpower Bazar, Kathmandu

## गाउँमै रोजगारी सिर्जना गर्नुपर्छ : वरिष्ठ नेता पौडेल

**दमौली/मस–** नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले गाउँमै रोजगारी र आम्दानी सिर्जना गर्नुपनेमा जोड दिएका छन् । व्यास नगरपालिकाले अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा मंगलबार आयोजना गरेको महिला हाफ म्याराथनको व्यास नगरपालिका-११ तनहुँसुरमा समापन गर्दै उनले गाउँमै रोजगारी सिर्जना गरेर मानिसलाई गाउँमै बसुँबसु बनाउनुपर्ने बताए । वरिष्ठ नेता पौडेलले रोजगारी र सेवासुविधाको खोजीमा सहर झरेकालाई अब गाउँमै फर्काउनुपर्नेमा जोड दिए ।

'पर्यटनको विकास गरेर गाउँमै रोजगारी सिर्जना गर्नुपर्छ, गाउँबाट भागेका मनलाई पुनःगाउँमै फर्काउनुपर्छ, त्यसका लागि स्थानीय तहले यो जनाबद्ध कार्यक्रम ल्याउन आवश्यक छ,' उनले भने, 'आज डाँडा-डाँडामा विकास पुगेको छ, डाँडाको दिन फर्किन थालेको छ, राना भनेको जनजाति हुन्, अब जनजातिका पनि दिन फर्किन्छन् ।'

वरिष्ठ नेता पौडेलले तनहुँसुर ऐतिहासिक ठाउँ रहेकाले यसको विकास गर्नुपर्ने बताउँदै कुनै जमानामा चहलपहल रहेको तनहुँसुर विस्तारै ओझेलमा परेपनि विकासको क्रमले पुनः यो ठाउँ चहलपहल हुने दिशामा अगाडि बढेको छ भने । 'तनहुँसुर ऐतिहासिक ठाउँ हो, शहीदको गाउँ पनि हो, तनहुँसुरको ऐतिहासिक झल्काउने गरी यहाँ आउने वातावरण सिर्जना गर्नुपर्छ,' उनले भने ।

सो अवसरमा वरिष्ठ नेता पौडेलले महिला हाफ म्याराथनका विजेतालाई पुरस्कार वितरण गरे ।

**मोटरसाईकल हराएको सूचना**

मिति २०७८/११/१७ गते राति ११: ३० बजेको समयमा काठमाण्डौ जिल्ला कागेश्वरी मनोहरा -६, मा पार्किङ्ग गरि राखेको बाग्मती प्रदेश ०२-०१८ प ०२८९ नम्वरको **TVS APACHE 170 CC** निलो रङ्गको मोटरसाईकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनी : होम बहादुर वि. क.**
**च्यासिस नं : MD637AE7012K00477**
**इन्जीन नं : CE7KL2900688**
**मो नं : 9844485380, 97497087491**

**कर्मचारी आवश्यकता**

यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

- Manager : 1 Male (Salary- 30,000)
- Documentation: 1 Female (Salary- 15,000)
- PRO: 3 Male (Salary- 15,000)
- Secretary: 1 Female (Salary-20,000)

सम्बन्धित काममा कम्तीमा २ वर्षको अनुभव भइ अंग्रेजी राम्रो संग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्ने छ ।

**D SQUARED GROUP PVT. LTD.**
Sinamangal, Shambhu Marga, Opposite to Police Beat, Kathmandu
Contact No.: 4495529, 4497767, 9851165905, 9802317975, 9851110238
Email: dsquaredgroup23@gmail.com | Website: www.dsquardgroup.com.np

नोटः एक जना महिला ल्याब टेक्नीसीयन पनि चाहिएकोले सम्पर्क गर्नुहोला ।

**सिम्ता गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**राकम, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

**सच्चाईएको**

**प्रकाशित मिति : २०७८/११/२५**

मिति २०७८/११/१८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **स्यानिटरी प्याड सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको सूचनाको** विज्ञापनमा **लागत अनुमानीत रु. १९,८१,०००/- (भ्याट सहित)** हुनुपर्नेमा अन्यथा भएकाले सच्चाईएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**षडानन्द नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दिङ्ला, भोजपुर**
**१ नं. प्रदेश, नेपाल**

**शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना !**

**प्रथम पटक प्रकाशित मितिः २०७८/११/२५**

यस नगरपालिकाको कार्यालयबाट मिति २०७८/१०/१२ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित शिलवन्दी दरभाउपत्र आह्वानको सूचना अनुसार देहायको कार्य गर्नको लागि विद्युतीय खरिद प्रणाली (**e-bidding**) मार्फत प्राप्त हुन आएका शिलवन्दी दरभाउपत्रहरुको मूल्याङ्कन गर्दा तपसिलको शिलवन्दी दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मू.अ. कर /PS सहित) |
|---|---|---|---|
| Shadmun/W/SQ/10/078/79 | Ward Karyalaya Bhawan Nirman (Ward No-01) | Light Builders Pvt. Ltd., kathamandu-32, Pepsikola | NRs. 13,71,043.05 (Thirteen Lakh Seventy-one Thousand Forty-three Rupees and Five Paisa Only) |

**प्रमुख प्रशासकीय अधिकृत**

# युक्रेनका दुई शहरमा रुसद्वारा अस्थायी युद्धविराम



**काठमाडौं/एजेन्सी-** रुसी आक्रमणमा परेको युक्रेनबाट बाहिरिनेहरुको संख्या मंगलबारसम्म २० लाख पुगेको राष्ट्रसंघले जानकारी गराएको छ । शरणार्थीहरुका लागि राष्ट्रसंघीय उच्चायुक्त फिलिपो ग्रान्डीका अनुसार यो दोस्रो विश्वयुद्धपछि युरोपमा एकैपटक सबैभन्दा ठूलो संख्यामा देखिएका शरणार्थीहरु हुन् ।

बिबिसीका अनुसार ठूलो संख्यामा शरणार्थीहरु छिमेकी मुलुक पोल्यान्ड पुगेका छन् । पोलिस अधिकारीहरुले भने शरणार्थीहरुका लागि युरोपेली युनियनले दिएको रकम अपुग भएको बताएका छन् । पोल्यान्डका सहायक विदेशमन्त्री पाबेल ज्याब्लोन्स्कीका अनुसार युरोपेली युनियनले युक्रेनी शरणार्थीहरुलाई मद्दत गर्न ५०० मिलियन युरो दिए पनि त्यो अपुग भएको बताएका हुन् । युक्रेनबाट बाहिरिने २० लाख शरणार्थीहरुमध्ये १२ लाख पोल्यान्ड पुगेका छन् । उता युक्रेनको राजधानी किभभन्दा पश्चिममा रहेको सहर इर्पिनबाट पनि बासिन्दाहरुलाई निकाल्न थालिएको छ । इर्पिनमा रुसले लगातार ६ घन्टासम्म नागरिकहरुलाई लक्षित गर्दै गरेको बम आक्रमणले युद्धका सामान्य सिद्धान्तसमेत भुलेको भन्दै आलोचना गरिएको छ । ह्युमन राइट्स वाच (एचआरडब्लु)को विश्लेषणअनुसार इर्पिनमा रुसी सेनाले आइतबार गरेको आक्रमणमा युद्धका नियमको अवज्ञा गरिएको थियो । यसैबीच रुसी सैनिकका उच्च कमाण्डर खार्किभ नजिकै भएको युद्धको क्रममा मारिएको युक्रेनले जनाएको छ । रुसले गएको फेब्रुअरी २४ देखि युक्रेनमा आक्रमण गर्दै आएको छ । युक्रेनका सैनिकले लगातार प्रतिरक्षा गर्दै आएका छन् ।

युक्रेनको दोस्रो ठूलो शहर खार्किभ लगातार रुसी सैनिकको निशानामा छ । त्यहाँ भएको भिडन्तको क्रममा रुसी सेनाका एक उच्च कमाण्डर मारिएको युक्रेनको रक्षा मन्त्रालय अन्तर्गतको गुप्तचर एजेन्सीले जनाएको हो । अहिलेसम्म रुसी अधिकारीले यसबारे केही बताएका छैनन् । तर युक्रेनको रक्षा मन्त्रालयले जारी गरेको वक्तव्य अनुसार रुसी सेनाका मेजर जनरल भिताली गिरासिमोभ मारिएका हुन् । उनी चिफ अफ स्टाफ तथा ४१ औँ आर्मी अफ द सेन्ट्रल मिलिटरी डिस्ट्रिक्ट अफ रुसका फर्ट डेपुटी कमाण्डर हुन् ।

यस्तै रुसी आर्मीका अरु केही उच्च अधिकारीहरु पनि मारिएको र घाइते भएको वक्तव्यमा उल्लेख छ । दोस्रो चेचेन युद्धमा सामेल भएका गिरासिमोभ सिरियामा भएको रुसी सैन्य अभियानमा पनि सहभागी रहेको यक्रेनी गुप्तचर निकायले बताएको छ । २०१४ मा क्राइमिया रुसमा गाभेपछि उनले मेडल पनि पाएका थिए । युक्रेनी अधिकारीले गिरासिमोभको तस्बिर ट्वीट गरेर समेत उनी मारिएको जानकारी दिएका छन् ।

---

कर्णाली प्रदेश सरकार

## जलश्रोत तथा उर्जा विकास मन्त्रालय

## खानेपानी, सिंचाइ तथा उर्जा विकास निर्देशनालय

वीरेन्द्रनगर, सुर्खेत

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०७८/११/२५**

उपरोक्त सम्बन्धमा यस निर्देशनालय बाट मिति २०७८/१०/०९ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार बोलपत्र आव्हान भई **E–Bidding** मार्फत दर्ता भएको बोलपत्रको मुल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्रदाताहरुको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ बमोजिम बोलपत्र स्वीकृतिको लागि छनोट भएको हुँदा सोहि ऐनको दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | छनोट भएका बोलपत्रदाताहरु | कबोल अंक रू. (भ्याट र पी. एस. सहित) |
|---|---|---|---|---|
| 1 | 04/078-079/NCB/Works/ ISP/DWIED-Surkhet | Supply, Delivery & Installation of Solar Lifting System of Sovanchaur Lift ISP at Chaukune RMC-03, Sovanchaur, Surkhet | Sunbridge Solar Nepal Pvt, Ltd, Swayambhu-15, Kathmandu | 32,39,247.53 |
| 2 | 05/078-079/NCB/Works/ ISP/DWIED-Surkhet | Construction of Pre-Feb Office House at Office Compound | Risab Nirman Sewa, Birendranagar-09, Surkhet | 26,53,974.24 |
| 3 | 06/078-079/NCB/Goods/ WSP/DWIED-Surkhet | Supply & Delivery NS40, PE-100 HDPE Pipe for Chhapre WSP | Nepal Blackgold and Allied Industry Pvt. Ltd, Butwal-10 Rupendhai | 59,56,397.46 |
| 4 | 08/078-079/NCB/Goods/ ISP/DWIED-Surkhet | Supply & Delivery 2*1*1 Machine Made Gabion Box | Satyawati Order and Suppliers, Birendranagar-08, Surkhet | 16,81,440.00 |
| 5 | 09/078-079/NCB/Goods/ ISP/DWIED-Surkhet | Supply & Delivery NS-40, PE-100 HDPE Pipe, NS-199 GI Pipe & GI Fitting for different ISP | Vijay International Trade Link, Tulsipur-05, Dang | 31,37,648.40 |

**निर्देशक**

---

# Isma Rural Municipality

## Office of the Rural Municipal Executive

Ismarajasthal, Gulmi

### Invitation for Electronic Bids

**Second Date of Publication: 9th March ,2022 (25th falgun , 2078)**

1. Isma Rural Municipality, Ismarajasthal, Gulmi invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under sealed quotation for S.N. 1, name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract Identification No. | Description of work | Estimated Amount . | Bid Document Fee Amount | Bid Security Amount | Pre Bid Meeting | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | OIRM/GUL/ SQ/078/79-14(Re) | Purchase and Supply of Surgical Items. | - | NRs. 1000 | NRs. 40,000 | N/A | 25th March, 2022 (11th chaitra, 2078) 12:00 Noon | 25th March, 2022 (11th chaitra, 2078) 13:00 PM |

| Bank Name | Name of Office | Revenue Acount Name & No. | Deposit Acount Name & No. |
|---|---|---|---|
| Bank of Kathmandu Ltd. Isma, Gulmi | Isma Rural Municipality Gulmi Ismarajasthal, Gulmi | Antarik Rajashwo Khata 18100000351524 | Dharauti Khata 18100000054524 |

2. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
3. Bid Submitted in hardcopy shall not be accepted.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. For further information please refer to the PPMO's website http://bolpatra.gov.np/egp. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.

**Chief Administrative Officer**

---


# INTERSCAFF SAFETY

## International Vocational Training School

- IRATA Rope Access
- CISRS Scaffolding
- Spray Painting
- Sandblasting
- F/S Carpenter
- Steel Fixer
- Pipe Fitter
- Insulator
- Welders-TIG/MIG/ARC(upto 6G)
- Mason-Marble/Tile/Block
- Industrial Electrician
- Aluminium Fabricator
- A/C Technician
- Plumber



Skill Test / Video Graphy Services

NOTE: We provide wide range of skill development trainings

Follow us on Social Media @interscaffsafety

Opposite Basundhara Chowki, Kathmandu, Nepal
Tel : +97714364297 | 9801042999 | 9801057807
www.interscaffsafety.com | info@interscaffsafety.com


---

# OMAN र UAE मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : AYOON AL BURAIMI MUMAIZA TRADING — शहरः BURYAMI
पूर्व स्वीकृत मितिः २०७८/११/२० — चलानी नं.: ६०१७५६२१ — LT. No.: 259088

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dish Washer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ४४,६८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | waiter | 1 | 0 | | 140 | ४४,६८९ | | | | | | | |

२. कम्पनी : UNITED TOUCH DHOFAR TRAD CO. LLC. — शहरः MUSCAT
पूर्व स्वीकृत मितिः २०७८/११/२० — चलानी नं.: ६०१७५६२२ — LT. No.: 259087

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Coffee Maker | 2 | 0 | स. काममा दक्ष | 140 | ४४,६८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : XOXO — शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०७८/११/१८ — चलानी नं.: ६०१७५६२३ — LT. No.: 258694

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 4 | 0 | स. काममा दक्ष | 1500 | ५०,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत २ गते (16 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

## Aslesha International Pvt. Ltd.

श्रम इजाजत नं. १४०२/०७४/०७५

Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9818330451,9815926684, 9808156040 | Email: aslesha.intl@gmail.com, aslesha.international@gmail.com

---

# Qatar मा रोजगार

कम्पनीः ROYAL GULF TRADING & CONTRACTING CO.WLL. — शहरः DOHA
पुर्व स्वीकृत मितिः २०७८/११/१२ — चलानी नं.: ६०१७५०११ — L.T. No.: 258617

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Machine Operator | 3 | 0 | | 1900 | ६३,८७८ | | | | | | | |
| 3. | Mason | 7 | 0 | | 1100 | ३६,९८२ | | | | | | | |
| 4. | Storekeeper | 3 | 0 | | 1900 | ६३,८७८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ चैत २ र ३ गते (16 & 17 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

## अल- सहेली म्यानपावर प्रा. लि.

श्रम इजाजत पत्र नं.: ८९३/०६७/०६८

पो.ब.नं.: २२४४, सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं, नेपाल
फोनः ४३८७३७२, ४३८७७४०, फ्याक्सः ४३८७३२९, मोः ९८१८६१९७८०, E-mail : alsahelimanpower2010@gmail.com

---

# साउदीमा रोजगार

कम्पनीः BADER DELDAN AL-SHAMMARI TRANSPORT — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०७८/११/२३ — चलानी नं.: ६०१७५६१७ — LT. No.: 259217

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५८,९३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन चैत २ गते (16 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

## अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.

श्रम ईजाजत पत्र नं. ०९१/०५३/००५४

पि.ओ.बक्सः ३२११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक), फ्याक्सः ४४६६९५५,
फोनः ४४६६७३३, ४४८५७३०, मोः ९८५११९४५१३ Email: cv.annapurna@gmail.com, Url: www.annapurnaservices.com

Right People For Right Job At The Right Time

---

# यूएईमा रोजगारको अवसर

कम्पनी : UPLIFT SELIVERY SERVICES L.L.C. — शहर : UAE
पूर्व स्वीकृत मितिः २०७८/०८/०३ — चलानी नं.: ६०१६८०६६ — LT. No.: 250714

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Motorcyclist | 250 | 0 | स. काममा दक्ष | 1500 | ५०,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ३० (14 March 2022) र इटहरि मा चैत १ गते (15 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

## Baba Human Resource Management Pvt. Ltd.

नयाँ बानेश्वर, काठमाडौं, फोन : 977-01-4792482/4792549
इटहरी सम्पर्क :02-5587645 & Mobile No:9802023812
E-mail : babahrmgt@gmail.com

Govt. Lic. No. 1367/074/075

---

# कतारमा रोजगार

Company : NASSER AL JABER CONTRACTING — City : DOHA
पूर्व स्विकृति मितिः २०७८/११/२३ — चलानी नं. : ६०१७५६०२ — LT. No. : 259119

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४७,०६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electric | 1 | 0 | | 1100 | ३५,८८२ | | | | | | | |
| 3. | Electric Tech | 3 | 0 | | 1100 | ३५,८८२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ चैत २ गते (16 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

## मिडिल इष्ट म्यानपावर प्रा. लि.

श्रम ई. पत्र नं. ६१/०५१/०५२

कुपण्डोल, ललितपुर, फोन नं. ०१-५५२९९६०, ५५३१२२० फ्याक्सः ०१-५५३२०८४,
सम्पर्कः ९८८१३६५७३९ Email: cvs.middleast@gmail.com |Web:www.middleast.com.np

# बक्स अफिस समाचार

## ‘मन्त्र’ वैशाख १६ मा रिलिज हुने

**काठमाडौं/मस–** कोरोनाको तेस्रो लहरका कारण हल बन्द भएपछि माघ २८ गतेबाट प्रदर्शनमा आउन नसकेको फिल्म ‘मन्त्र’को नयाँ प्रदर्शन मिति घोषणा भएको छ । मंगलवार राजधानीमा एक कार्यक्रमका बीच आउँदो वैशाख १६ गतेलाई फिल्मको प्रदर्शन घोषणा गरिएको हो । अभिनेता सौगात मल्ल र अभिनेत्री दीया पुनको मुख्य भूमिका रहेको फिल्मलाई खिल बहादुर तामाङले निर्देशन गरेका हुन् ।




बुद्दि तामाङ, नमिता घिसिङ्ग, बिर बहादुर लामा, पासाङ्ग टि शेर्पालगायतका कलाकार हरुको अभिनय रहेको फिल्मको कार्यकारी निर्मातामा देबेन्द्र मानन्धर र निर्मातामा रविराज कार्की, सुरेश कार्की र सुभ श्रेष्ठ छन् । हिमाली प्रेमकथा भनिएको फिल्ममा साम्तेन भुटियाको कथा, सन्तोष सुनारको संगीत, सञ्जय लामाको छायांकन, मित्र डि गुरुङको सम्पादन र सुजिल कर्माचार्यको संगीत छ ।

